# सौर्य दैनिक

www.souryaonline.com

वर्ष १३ | अंक २३१ | सोमबार, २१ असोज २०८१ | SOURYA NATIONAL DAILY | Monday, 7 October 2024 | पृष्ठ : ८ | मूल्य रू. ५


# ३२औं प्रधानन्यायाधीशको कार्यभार सम्हाले राउतले




**सौर्य समाचार**

काठमाडौं । देशको ३२औं प्रधानन्यायाधीशका रूपमा प्रकाशमानसिंह राउतले आइतबारदेखि आफ्नो कार्यभार सम्हालेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको धारा १२९ को उपधारा २ बमोजिम संवैधानिक परिषद्को सिफारिसमा उनलाई आइतबार प्रधानन्यायाधीश नियुक्त गरेका थिए । राउतले आइतबार नै राष्ट्रपतिबाट पद तथा गोपनीयताको शपथ लिएका थिए ।

संसदीय सुनुवाइ समितिले गत बुधबार प्रधानन्यायाधीशमा वरिष्ठतम् न्यायाधीश प्रकाशमानसिंह राउतको नाम सर्वसम्मत अनुमोदन गरेको थियो । प्रधानन्यायाधीशबाट विश्वम्भरप्रसाद श्रेष्ठले उमेरहदका कारण अवकाश पाउने भएपछि संवैधानिक परिषद्ले ३१ भदौमा वरिष्ठताका आधारमा राउतको नाम सिफारिस गरेको थियो ।

संसदीय समितिले ३ असोजमा उजुरी आह्वान गरेर राउतविरुद्ध सुनुवाइ प्रक्रिया प्रारम्भ गरेको थियो । राउतविरुद्ध आएका ६ वटा उजुरीमा गत मंगलबार उजुरीकर्तासँग छलफल गरेको समितिले गत बुधबार सुनुवाइ गरी अनुमोदन गरेको हो । राउत २०८२ चैतसम्म १८ महिनाका लागि प्रधानन्यायाधीशमा रहनेछन् ।

सन् १९६१ मा उदयपुरमा जन्मिएका राउत सन् २०१६ मा सर्वोच्च अदालतको न्यायाधीश नियुक्त भएका थिए । सन् १९८३ देखि २०१६ सम्म अधिवक्ता तथा वरिष्ठ अधिवक्ताका रूपमा वकालत गरेका राउत देवानी, फौजदारी र संवैधानिक कानुनका ज्ञाता मानिन्छन् । उनी सन् २०१६ मा सर्वोच्च अदालत बार एसोसियसनको अध्यक्षसमेत बनेका थिए ।

### कार्यभार सम्हाल्दै प्रस्तुत गरे ५ बुँदे लक्ष्य

नवनियुक्त प्रधानन्यायाधीश राउतले पदभार ग्रहण गरेसँगै उनले आफ्ना ५ बुँदे लक्ष्यसमेत सार्वजनिक गरेका छन् । पदभार ग्रहणपछि सञ्चारकर्मीहरूसँग कुराकानी गर्दै उनले प्रधानन्यायाधीश जस्तो हैसियतमा पुग्नु आफ्ना लागि ऐतिहासिक दिन बनेको बताए । नेपालको न्यायालय अहिले लयमा फर्किएको भन्दै उनले त्यसलाई समृद्ध बनाउनका लागि आफूहरू लागि परिरहेको बताए ।

उनले भने, 'मेरो लागि आज ऐतिहासिक दिन हो । किनभने देशको प्रधानन्यायाधीशको हैसियतमा छु । नेपालको न्यायालय अहिले लयमा फर्किएको छ । सुखद् र गौरवको विषय हो । यसलाई समृद्ध बनाउनुपर्छ । त्यसको लागि हामी लागिपरेका छौं ।' उनले आफ्ना ५ वटा बुँदाहरू लक्ष्यको रूपमा सुनाउँदै त्यसलाई जसरी पनि पूरा गर्ने प्रतिबद्धता जनाए ।

उनले भने, '५ वटा बुँदाहरू लक्ष्यका रूपमा निर्धारित गरेका छौं । छिटो छरितो गुणस्तरीय न्याय, न्यायमा पहुँच, न्यायिक सुशासन, जनआस्थामा अभिवृद्धि, सूचना प्रविधिको प्रचुर प्रयोग र मानव संसाधन तथा भौतिक पूर्वाधार ।'

बाँकी पृष्ठ २

# हेटौंडा–काठमाडौंको छोटो दूरीका सबै सडक खुला




**छवि अनित्य**


हेटौंडा । गतसाता आएको बाढीपहिरोबाट विच्छेद भएको हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीका सबै सडक सञ्जाल आइतबार साँझबाट जोडिएका छन् । बाग्मती प्रदेश राजधानीलाई काठमाडौंसँग जोड्ने छोटो मार्गका रुपमा प्रचलित कुलेखानी-फाखेल-काठमाडौं र कुलेखानी-सिस्नेरी-दक्षिणकाली-काठमाडौं सडकखण्डको मर्मतसँगै यातायात सन्चालन गर्न सकिने भएको छ । आइतबार साँझ बाग्मती प्रदेश भौतिक विकास मन्त्रालयमा पत्रकार सम्मेलनको आयोजना गर्दै मन्त्री अमन कुमार मास्केले तत्कालका लागि अस्थायी रुपमा यी सडक सन्चालमा ल्याइएको जानकारी दिए ।

दुवैतर्फ गरी कूल ५ वटा डाइभर्सन बनाएर सडक सन्चालनमा ल्याइए पनि जोखिम भने कायमै रहेको मन्त्री मास्केले बताए । फाखेलतर्फ महालक्ष्मी खोला र सिस्नेरीतर्फ सिस्नेरी, ज्यामिरे र दक्षिणकालीमा डाइभर्सन बनाइएको छ । यस्तै हेभी-सिमखोला जोड्ने खण्डमा पनि डाइभर्सन बनाएर यातायात सन्चालन गर्न सकिने बनाइएको छ । यीमध्ये दक्षिणकालीमा नीजि जग्गामा डाइभर्सन गर्नु परेको मन्त्री मास्केले जानकारी दिए ।

एक साताको बिचमा दुवैतर्फ गरी सानाठुला एक सयभन्दा बढी पहिरो पन्छाइएको पत्रकार सम्मेलनमा जानकारी गराइएको थियो । सिस्नेरीतर्फ ६० वटा तथा फाखेलतर्फ करिब ४० वटा पहिरो खसेर सडक अवरुद्ध भएको थियो । यस्तै कुलेखानी-भीमफेदी सडकखण्डमा आधा दर्जनबढी ठुला पहिरो पन्छाइएको छ ।

बाँकी पृष्ठ २

# पश्चिमबाट बाहिरिन सुरु भयो मनसुन




**सौर्य समाचार**

काठमाडौं । नेपालको यस वर्षको मनसुन कर्णाली र सुदूरपश्चिम हुँदै क्रमशः बाहिरिन थालेको छ । जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाका अनुसार सुदूरपश्चिम प्रदेशबाट मनसुन बाहिरिएको छ भने कर्णालीका धेरै र लुम्बिनी प्रदेशका पश्चिमी क्षेत्रबाट मनसुन बाहिरिएको छ । मनसुनी वायु कमजोर हुँदै गइरहेकाले बाँकी भू-भागबाट पनि केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको महाशाखाले जनाएको छ ।

'मनसुनी वायु कमजोर हुँदै गइरहेको हुनाले नेपालको बाँकी भूभागबाट पनि केही दिनमा मनसुन बाहिरिने सम्भावना रहेको देखिन्छ,' महाशाखाले जारी गरेको बुलेटिनमा भनिएको छ । मनसुनी वायु कमजोर हुन थालेकाले अब छिटफुट र हल्काबाहेक ठुलो वर्षाको सम्भावना हटेको छ । मनसुन बाहिरिएपछि 'पोस्ट-मनसुन' सुरु हुन्छ । पोस्ट मनसुनमा पश्चिमी र स्थानीय वायुको प्रभाव रहन्छ, तर मनसुनका जस्तो ठुलो वर्षाको सम्भावना कम हुन्छ ।

मनसुन बाहिरिने क्रम अन्य प्रदेशतिर पनि क्रमशः फैलिँदै गएको छ । पूर्वी वायु अर्थात् मनसुनी वायुलाई पश्चिमी वायुले प्रतिस्थापन गर्‍यो भने मनसुन बाहिरिएको भनिन्छ । पूर्वी नेपालबाट भित्रिने मनसुन पश्चिमबाट बाहिरिन सुरु गर्दछ । मनसुन बाहिरिने क्रममा भारतको मध्यप्रदेश, उत्तराखण्ड हुँदै नेपालको सुदूरपश्चिममा पश्चिमी वायु प्रवेश गर्दछ ।

भारतको मौसम विज्ञान विभागले भने सेप्टेम्बर २३ तारिक (असोज ७ गते) देखि नै भारतका विभिन्न स्थानबाट मनसुन बहिर्गमन सुरु भइसकेको जनाएको थियो । भारतको मौसम विज्ञान विभागले अरब सागरको केही भाग, मध्य प्रदेशका केही भाग, उत्तर प्रदेशका केही भाग, उत्तराखण्ड र नेपालको सुदूरपश्चिमका केही भागबाट मनसुन बाहिरिएको देखाएको थियो । तर, नेपालको मौसम विभागले भने भारतले घोषणा गरेको करिब २ हप्तापछि मात्रै नेपालले आफ्नो सुदूरपश्चिमी भू-भागबाट मनसुन बाहिरिएको जानकारी दिएको हो ।

बाँकी पृष्ठ २

**गमगढी–नाक्चेनाङ्ला सडकअलपत्र**

# १८ वर्षमा १७ किमी पनि बनेन




**नन्दबहादुर रोकाया**

मुगु ।जिल्लाको मात्र नभई सिंगो कर्णालीप्रदेशकै लाइफलाइनका रूपमा रहेको गमगढी-नाक्चेनाङ्ला सडक खण्ड समयमै निर्माण नहुँदा कर्णालीप्रदेशकै दुर्भाग्यसरह भएको छ । ८५ किलोमिटरको गमगढी-नाक्चेनाङ्लासबैभन्दा छोटो नाकाभएपनि सरकारले वर्षौंदेखि बेवास्तागरिरहेको छ। यो सडक संघीय सरकारको मातहतमाभएर पनि संघीय सरकारले प्राथमिकतामा नराख्नु कर्णालीप्रदेशकै दुर्भाग्यभएको छ।यति बेलामुगुकानागरिकले संघ सरकारलाई यो सडक कहिले बन्छ भन्ने प्रश्न गरेका छन् ।

आर्थिक वर्ष २०६२/०६३ माविस्तृत सर्भे गरी २०७२/०७३ सालबाट सो सडक निर्माण सुरुआतगरिएको थियो । यो सडक १८वर्षमा १७किलोमिटर मात्र ट्र्याक खोलिएको छ ।

बाँकी पृष्ठ २

# अक्टोबरले असर गर्न सक्छ अमेरिकी निर्वाचनलाई

**एजेन्सी**

न्युयोर्क । अमेरिकामा हालै आएको हेलेन आँधीले झण्डै दुईसय जनाको ज्यान मात्रै लिएन आसन्न राष्ट्रपति चुनावलाई समेत तरंङगित बनाएको छ । राष्ट्रपति पदको निर्वाचनमा उम्मेद्वार भएका डोनाल्ड ट्रम्पले आँधी पीडितलाई राज्यले कम चासो दिएको आरोप लगाएका छन् । उनको आरोप डेमोक्र्याट पार्टी, वर्तमान राष्ट्रपति जो बाइडेन तथा हालका उपराष्ट्रपति तथा ५ नोभेम्बरमा हुने निर्वाचनमा ट्रम्पकी प्रतिस्पर्धी कमला ह्यारिसको विरुद्धमा लक्षित छ ।



आसन्न निर्वाचनका लागि २ पटक टेलिभिजन बहस भइसकेको छ । बारम्बार भएका मत सर्वेक्षणहरू सार्वजनिक भएका छन् । पछिल्ला धेरै सर्वेक्षणले ह्यारिस २ प्रतिशतले अघि छिन् । परन्तु १ महिना बाँकी रहँदा पनि धेरै मतदाताले आफ्नो मतको निर्णय गरिसकेका छैनन् । तसर्थ यस निर्वाचन इतिहासकै प्रतिस्पर्धात्मक निर्वाचन हुने तथा अक्टोबर महिनामा हुने हरेक घटना निर्णायक हुन सक्ने सम्भावना देखिएको छ ।

जुलाई महिनामा जो बाइडेनले उम्मेद्वार त्यागनुअघिसम्मको सर्वेक्षणमा ट्रम्प अघि थिए । बाइडेनले रेस त्याग्ने बित्तिकै ह्यारिसको पक्षमा माहौल बन्दै गएको हो । बहसमा सुरुमा ध्यानाकृष्ट गर्ने र विपक्षीमाथि आक्रामक हुने कमलाको कलाले चुनावी अभियानमा धेरै सहयोग पुगेको छ ।

साथमा आप्रवासी मुद्दा र गर्भपतनका मुद्दाले अफ्रिकन अमेरिकन र महिलाहरूको सद्भाव पाएकी उनले उठाएको मुद्रास्फीति मुद्दाले शिक्षित युवालाई आकर्षित गरेको छ । घर र गाडीमा दिइने धेरै कर छुटको घोषणापछि उनलाई ट्रम्पले रेडिकल मार्क्सवादी भएको भन्दै ह्यारिस विजयी भएमा अमेरिकाको साख नै गिर्ने सम्मका अभिव्यक्ति दिए । यत्ति मात्र होइन ट्रम्पले शनिबार राति पेनेसेल्भिनियाको कार्यक्रममा आफूमाथि भएको हत्या प्रयास बाइडेन र ह्यारिसले उत्पन्न गराएको घृणाको उपज भएको बताए ।

हालको अवस्था हेर्दा अत्यन्त प्रतिस्पर्धात्मक हुने यस निर्वाचनको परिणामलाई प्रभाव पार्ने केही नयाँ घटना भएका छन् । जसका कारण अक्टोबर महिना अमेरिकी निर्वाचनका लागि फरक ल्याउन सक्ने किसिमका पनि हुन सक्नेछन् । हेलेन आँधीका कारण प्रभावित क्लोरोलिना र जर्जियामा ह्यारिस सहयोग लिएर पुगिन् । ट्रम्पले पनि आरोप लगाउन भ्याइ हाले ।

बाँकी पृष्ठ २

## यस भित्र


पदमार्ग र अन्नपूर्ण आधार शिविरमा खेलाडीद्वारा सरसफाइ — पृष्ठ ३

अनुदान रकम पाएपछि महोत्तरीका उखु किसान मख्ख — पृष्ठ ५

नेपाल-बंगलादेशको विद्युत् बिक्री सम्झौताको इप्पानद्वारा स्वागत — पृष्ठ ६


# हेलिकोप्टरमा भए पनि राहत पुऱ्याउन गृहमन्त्रीको निर्देशन



**सौर्य समाचार**

काठमाडौं । गृहमन्त्री रमेश लेखकले खोज, उद्धार र राहत वितरणलाई प्रभावकारी बनाउन निर्देशन दिएका छन् । जिल्ला प्रशासन कार्यालय ललितपुरमा आइतबार बसेको जिल्ला विपद् व्यवस्थापन समितिको बैठकमा उनले हेलिकोप्टर प्रयोग गरेर भए पनि राहत वितरण गर्न निर्देशन दिएका हुन् ।

बाँकी पृष्ठ २

## ३२औं प्रधानन्यायाधीशको...

**बार र बेन्चको विवाद विधिसम्मत तरिकाले समाधान हुन्छ**

कार्यभार सम्हाल्दै राउतले न्यायालय लयमा फर्किएको र यसलाई सुखद् र गौरवको विषय मान्नुपर्ने बताए । 'अबको न्यायपालिका एकदम गरिमामय हुन्छ, समृद्ध बनाउने प्रयत्न हुन्छ, मर्यादायुक्त हुन्छ । यसमा शंकै गर्नुपर्दैन । निष्ठाका न्यायाधीशहरूले ओतप्रोत भएका ठाउँमा तपाईं हामीलाई काम गर्न दिनुहोस्', राउतले भने ।

उनले आफूसँग सम्पूर्ण न्यायाधीश र कर्मचारीको टिम साथमा रहेकाले काम गर्न सहज हुने दाबी पनि गरे । न्यायालयको पञ्चवर्षीय रणनीतिक योजनाका लक्ष्य हाँसिल गर्न आफू लागिपर्ने प्रतिबद्धता जनाउँदै बार र बेन्च विवादलाई विधिसम्मत तरिकाले समाधान गर्ने पनि बताए । 'बार र बेन्चको आपसी समझदारीबाट सधैँभरि ठूल्ठूला मतभेद टुंगिएका छन् । कानुनको उचित र वैधानिक तरिकाले सर्वसम्मत प्रक्रियाबाट टुंगिन्छ । जिम्मेदारीको सिद्धान्त छ, संयमको सिद्धान्त छ, उपयोग गरिएको छैन । बार र बेन्चले कसले कति गरेको छ, हेर्नुपर्छ ।' नवनियुक्त प्रधानन्यायाधीश राउतले संविधान र कानुनबमोजिम निर्णय गर्न नछाड्ने प्रतिबद्धता पनि जनाए ।

## पश्चिमबाट बाहिरिन...

नेपालमा सरदर जुन १३ मा मनसुन भित्रिएर अक्टुबर २ मा बाहिरिन्छ । तर, यस वर्ष सरदर मितिभन्दा ३ दिन अघि अर्थात् जुन १० (जेठ २८ गते) मनसुन भित्रिएको थियो । र, मनसुन बहिर्गमनको सरदर मिति (अक्टुबर २) भन्दा झण्डै १ हप्तापछि सरेका छ ।

## हेलिकोप्टरमा भए...

'विपद्को समयमा सबै गुनासा र विमतिलाई थाती राखेर सबै मिलेर एकाकार भएर काम गर्नुपर्छ, ललितपुरमा ४५ जनाको मृत्यु भएको तथ्यांक छ र सरकारले दिने २ लाख रुपैयाँको राहत ३९ जनाले पाउनुभएको छ', उनले भने, 'बाँकी ६ जनाले पनि तत्कालै पाउनुहुन्छ, पूर्ण रूपले घर क्षति भएका पाउन योग्य लाभग्राहीको नाम स्थानीय तहबाट तत्कालै पठाउनुस्, प्राधिकरणले नाम प्राप्त गरेको ३ दिनभित्र लाभग्राहीलाई पैसा पठाउँछ ।'

नागरिकले खुला आकाशमुनि बस्न नपरोस् भन्दै गृहमन्त्री लेखकले नागरिकले प्रमुख जिल्ला अधिकारी आएपछि पानी खान पाउँछु भनेर बस्नुपर्ने अवस्था आउनुहुँदैन भने । 'एकद्वार प्रणालीबाट राहात वितरण गर्ने भनिए पनि स्थानीय तहको जिम्मेवारीमा दिन सकिन्छ, सम्बन्धित पालिकाको समन्वयमा नेपाल प्रहरी र सशस्त्र प्रहरी राखेर राहत व्यवस्थापन गर्न सकिन्छ, गृहमन्त्री लेखकले भने, 'तहगत विभाग र विद्युत्, खानेपानी र सञ्चार क्षेत्रमा जिम्मेवारीमा रहेकाहरूले समस्या पहिचान गरेर समन्वय इमानदारीपूर्वक काम गर्नुहोस् ।' उनले अहिलेको संविधान कानुनले विपद् व्यवस्थापनमा ४ तहको संरचना तय गरेको बताउँदै ४ वटै संयन्त्रहरू मिलेर काम गर्नुपर्छ भन्नेमा जोड दिए ।

'विपद्मा संघ, प्रदेश र स्थानीय तह ३ वटै तहको विपद् व्यवस्थापन समिति मिलेर काम गर्नुपर्छ, मानिसको आवागमन खोल्ने कुरा महत्वपूर्ण हुन्छ, मानिस बिरामी भएको ठाउँमा चिकित्सक पुर्‍याउन पनि गाह्रो छ', उनले भने, 'जसरी भए पनि अहिले सडक खुलाउने काम गर्नुस्, जनशक्ति र साधन थपेर भए पनि टीकाभैरबको पुल सञ्चालन ल्याउनुपर्छ ।'

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका कार्यकारी प्रमुख अनिल पोखरेलले घर पूर्ण क्षति भएकालाई अस्थायी आवास निर्माणका लागि प्रतिघर ५० हजार रुपैयाँ उपलब्ध गराउने व्यवस्था रहेको बताए । उनले तथ्यांक प्राप्त भएको ३ दिनभित्र रकम उपलब्ध गराउने प्रतिबद्धता जनाए ।

## हेटौंडा–काठमाडौंको...

तत्कालका लागि सडक सञ्चालनमा ल्याइए पनि चालकहरुलाई सडकको अवस्था हेरि सजगता अपनाउन मन्त्री मास्केले अनुरोध गरेका छन् । उनले भने, 'हाललाई अस्थायी रुपमा सडक खोलिएको छ । महालक्ष्मी खोला, हेभी र सिस्नेरीमा आपतकालिन अवस्थाका लागि जेसिबी तयारी अवस्थामा राखिएको छ ।' चाडबाडको समयमा सवारीको चाप बढी हुने र धेरै ठाउँमा सडक एकतर्फी मात्र भएकाले सावधानी अपनाउनुपर्ने उनको भनाइ छ ।

यसैगरी कान्तिलोकपथलाई पनि फूलपातीसम्म सन्चालनमा ल्याउनका लागि काम भइरहेको छ । कान्तिलोकपथ योजनाप्रमुख रत्नलक्ष्मि बज्राचार्यका अनुसार ललितपुर र मकवानपुर दुवैतर्फ पहिरोले क्षति पुर्‍याएका केही ठाउँमा एकतर्फी र बाँकी ठाउँमा दुईतर्फी यातायात सन्चालन गर्न सकिने भएको छ । यद्यपि बाग्मती पुलको विकल्पमा तयार गर्न लागिएको डाइभर्सन नसकिएसम्म दुई जिल्लाबिचको यातायात सम्पर्क स्थापित हुने अवस्था रहेको छैन ।

'बाग्मतीको बहाव कम नभएका कारण डाइभर्सनको कामले गति लिन सकेको छैन', योजना प्रमुख बज्राचार्यले भनिन्, 'दिनभरि गरेको काम रातभरि खोलाले बगाएर लैजान्छ । यदि थप पानी परेन र बाग्मतीको बहाव कम भयो भने हामी फूलपाति अघिनै कान्तिलोकपथमा यातायात सन्चालन गर्न सक्छौं ।'

## अक्टोबरले असर...

।प्रवासीका लागि भएको खर्चका कारण आँधी प्रभावित राज्यमा आवश्यक सहयोग गर्न नसकेको आरोप उनको थियो ।

मध्यपूर्वको अशान्तिले अमेरिकाको निर्वाचनमा अझै प्रभाव पार्न सक्नेछ । मध्यपूर्वको घटना र अमेरिकी धारणामा परिवर्तन आएको छ । गत वर्ष हमासले इजरायलमा आक्रमण गरेपछि अमेरिकाले इजरायललाई सहयोग गरेको थियो । सहयोग गरे पनि आफ्ना नागरिकसमेत बन्दी बनाइएका कारण अमेरिकाले बारम्बार युद्ध विरामको प्रस्ताव राखेको थियो । अमेरिकी प्रस्तावमा कतार र इजिप्ट पनि सहमत भए पनि हमास र इजरायल दुवै टस न मस भए । पछिल्लो समय हिजबुल्लाहले इजरायलमा आक्रमण गरेपछि इजरायलको आक्रमण हिजबुल्लाहतर्फ मोडिएको थियो । संयुक्त राष्ट्र संघ र अमेरिकाले इजरायलले नरसंहार गरेको आरोप लगाए पनि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु टस न मस भए । यसै कारण अमेरिका र इजरायलको दुरी बढिरहेको समयमा इरानले फेरि इजरायलमाथि गरेको आक्रमणले अमेरिका इजरायलकै पक्षमा उभ्याएको छ । मध्यपूर्वको यो घटनाले त्यहाँ रहेका इस्लाम र यहुदी मतदातामा पक्कै असर गर्नेछ । अहिले बेरोजगारी दरमा कटौतीको ह्यारिसको मुद्दाले युवालाई गरेको आकर्षणले डेमोक्र्याटमा खुसी छाएको छ । यसको असर कति पर्ने हो हेर्न बाँकी नै छ ।

## १८ वर्षमा...

यो सडक संघीय सरकारको उच्चप्राथमिकतामानपरेको र आवश्यकमात्रामा बजेट विनियोजन नगरिँदा सडक निर्माणको काम कछुवाको गतिमा अघि बढेको छ ।

सडक निर्माणकार्य सुस्त हुँदा स्थानीयको वर्षौंदेखिको गाडी चढ्ने सपनापनिअझै पूरा हुन सकेको छैन । सडक नबन्दामुगुमकार्मारोङ गाउँपालिकाका स्थानीयलाई खाद्यान्न र दैनिकउपभोग्य सामानखरिद गर्न २-३दिन पैदल हिँड्नुपर्ने बाध्यता छ ।

नेपालकाउत्तरी नाकासँगजोडिएका नाकामध्ये सबैभन्दा छोटो नाकाका रूपमा रहेको यस नाक्चेलाग्नानाका सडक सञ्जालमाजोडिएको खण्डमा मुगुमात्रनभएर सिंगो कर्णालीप्रदेशलाई नै फाइदापुग्ने विश्वास गरिएको भएपनि सडक समयमै नबन्दानागरिकले समस्या खेपनुपरेको छ, भने कर्णालीप्रदेशको सम्भावनाबोकेको सडक ओझेलमा परेको मुगुमकार्मारोङ गाउँपालिकाअध्यक्ष छिरिङ क्याप्ने लामाले बताए ।मुगुमकार्मारोङ गाउँपालिका-८ माग्री डाँडाको भिर कडा चट्टानफोडन बजेट माग गरेको भएपनि सुनुवाई नभएको अध्यक्षलामाले बताए ।

गमगढी नाक्चेनाङ्ला सडकको लागिसंघ सरकारले गतबर्ष ८० लाख बजेट विनियोजत गरेको भएपनी सरकार फेरबदलले रकमनिकासानभएको र काम रोकिएको जनाइएको छ ।

मुगुमकार्मारोङ गाउँपालिकामाविकास नहुनु मुख्य सडकको पहुँचनभएर समस्याभएको छ । भौतिकपुर्वधार विकास निमार्णको लागतभन्दा ढुवानीमा बजेट बढि खर्च हुने गरेकाले सोचे अनुरूपबिकास निमार्णकाकामगर्न असहजभएको छ ।गतबर्षको बजेटमा कर्णालीप्रदेश सरकारको ढुङेधारादेखि लामासिमसम्म ६ किलोमिटर सडक खनिएको छ । यो आर्थिक वर्षमा लामासिमबाट पालिकाको मुख्य केन्द्र पुलुसम्म सडक जोडिने अध्यक्षलामाले बताए ।

**सामग्री ढुवानी खच्चडको भर**

मुगुमकार्मारोङ गाउँपालिकासडक सञ्जालसँगनजोडिँदा करान भेगका बस्तीमा अझै पनिखाद्यान्न ढुवानीका लागि खच्चडकै प्रयोग हुने गरेको छ । मुगुमकार्मारोङ गाउँपालिका-९ छायलसम्म सडक जोडिएको भएपनिमाथिल्लो करान भेगमासडक सञ्जालजोडिएको छैन । सडक नहुँदामुगुमकार्मारोङ गाउँपालिकाबासीसामग्री ढुवानीको लागिखच्चडकोप्रयोग गर्नपर्ने बाध्यता छ ।

ढुवानीको विकल्पमा खच्चडको भर पर्नपरेको स्थानीयको भनाइ छ । खाद्यान्न ढुवानीलगायत अन्य सामग्री ढुवानीको विकल्पमाकि त स्थानीयआफैँले बोकेर लैजानुपर्ने हुन्छ, कि खच्चडकै भर पर्नपर्नेस्थानीय पेमालामाले बताए ।

मुगुमकार्मारोङ गाउँपालिकामाबिकास निमार्णकाकामबालुवा, सिमेन्ट र खाद्यान्न सामग्रीबोकाएर ल्याउने लैजान खच्चडको पयोग गर्ने गरिएको छ । उकालो, ओरालो, भिरको बाटो हिँड्नुपर्ने हुन्छ, कतिपय ठाउँमा भिरमाखच्चड खसेर मर्ने गरेको उनले बताए ।

सडक नबन्दासदियौँदेखिको कर्णालीवासीको तिब्बतमा जडीबुडी, ऊन र नुनका साथै भेडा-च्यांग्राको व्यापार बिस्तार गर्ने सपना साँघुरिँदै गएको छ । सडकको लागिपर्याप्तमात्रामा बजेटको व्यवस्थानहुँदा सडक अलपत्र जस्तै छ ।

सडक निर्माणका लागि करोडौंभन्दा बढी रकमखर्च भइसकेको छ ।अहिले किम्री, कार्ती, ताखा, खारी, मुगु, डोल्फु, चितै, रिउस र पुवागाउँका स्थानीयलाई मोटर चढ्न कम्तीमा डेढ दिन हिँड्नुपर्ने बाध्यता रहेको स्थानीय गुरुस्याग्पलामाले बताए ।

सडक सुविधानहुँदाकार्मारोङवासीलामो समयदेखि महँगीको मारमाजीविकोपार्जन गर्न बाध्य रहेकार गमगढीमा २हाजर ५०० पर्ने एक बोरा चामलत्यसको मूल्य बढेर मुगुमकार्मारोङमा ४ हजारदेखि ५ हजारसम्म पर्ने गरेको छ।सडक सञ्जालनहुँदाआवागमनतथा दैनिकउपभोग्यवस्तुकालागिसास्ती खेप्दै आएकास्थानीयको गुनासो छ ।

**जोखिममोलेर यात्रा**

मुगुमकार्मारोङगाउँपालिका सडक सञ्जालमानजोडिएपछि त्यस गाउँपालिकाका स्थानीयकलाई जोखिममोलेरयात्रागर्नुपर्ने बाध्यता छ । मुगुमकार्मारोङ गाउँपालिकाबासी र कामविशेषले मुगुमकार्मारोङ गाउँपालिकापुग्नै पर्ने कर्मचारी नागरिकपनिजोखिममोलेर यो बाटोमायात्रागर्न बाध्यभएका छन् ।

तल कर्णालीगोरेटो बाटो अग्लाकालापथ्थरजस्ता डाँडाले घेरिएको मुगुमकार्मारोङ गाउँपालिकापुग्नै ज्यानजोखिम राखेर हिँड्नुको विकल्प छैन । वर्षातको समयमापहिरोले सडक गोरेटो बाटो अवरुद्ध हुने माथिबाट पहिरो ढुंगा खस्ने जोखिमपनिमुगुमकार्मारोङ गाउँपालिकापुग्ने बाटोमाउत्तिकै छ ।

साँघरो बाटो उकाली, ओरालीले गर्दा कति खेर के हुन सक्ने भन्दै कर्मचारी, नागरिक जोखिममोलेर यात्रागर्न बाध्यभएको नेपालपत्रकार महासंघका अध्यक्ष नृर्पेन्द्रबहादुर मल्लले बताए । मुगुमकार्मारोङ गाउँपालिकामा सडक सञ्जालमानजोडिँदा यात्रामाजोखिम छ । मुगुमकार्मारोङ गाउँपालिका-८ माग्री डाँडामा कडा चट्टानले गर्दा झनै यात्राजोखिममा छ । साँघुरो बाटोमायात्रागर्दा डर लाग्ने उत्तिकै छ । माग्री डाँडामा कडा चट्टानफोड्नसके सडक पनि सहजरूपमापालिकासम्मपुग्ने र यात्रामा सहजहुने भएपनित्यो कडा चट्टानले सडक बिस्तारमा सकस हुनुका साथै यात्रापनिजोखिमभएको सम्बन्धितनिकायले ध्यानदिनुपर्ने अध्यक्षमल्लले बताए ।

---

**Durgathali Rural Municipality**
Chaudhari Bajhang
Sudurpaschim Province

## Invitation For BID

**National Competitive Bidding**
**Notice Publication Date: 2081/06/21**

| SN | Contract ID | Description Of Work |
|---|---|---|
| 1. | DRM/NCB/ WORKS/2081-082-01 | Kadagaun Sichai Kulo Nirman Durgathali -07 Bajhang |
| 2. | DRM/NCB/ WORKS/2081-082-02 | Jhota Rakail Binayak Sadak Durgathali -03 Bajhang |

**Note:** *For More Details please Visit PPMO website:www.bolpatra.gov.np/egp*

---

## सूचना

यस कम्पनीको विशेष साधारणसभा २०८१/०६/०४ गते को निर्णय अनुसार राम्रो इन्जिनियरिङ्ग कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि. (प्रा.लि. नं. १८६४६०/०७४/०७५) को नाम परिवर्तन गरि सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने कर दायित्व आदि परिवर्तित नाम **एम.एन.सन बिल्डर एण्ड सप्लायर्स प्रा.लि.**को कम्पनीले सकार्ने व्यहोर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

---

**नेपाल सरकार**
**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**
**कम्पनी रजिष्ट्रारको कार्यालयको**

**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७१/१०/०८ मा दर्ता भएको प्रा.लि. नं. ११८७८४ को सोमलता पतञ्जली आयूर्वेद केन्द्र प्रा.लि. नामक कम्पनी यस कार्यालयको मिति २०८१/०६/१८ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ बमोजिम खारेज गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

---

**डिभिजन वन कार्यालय कैलाली धनगढीको गोलिया काठ दाउरा लिलाम बिक्रि सम्बन्धी सूचना**
**सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित मितिः २०८१/६/२१**

डिभिजन वन कार्यालय कैलाली अन्तर्गत रहेको श्री भारताल साझेदारी वन उपभोक्ता समुहको वन क्षेत्रबाट आ. ब २०८०/८१ मा स्वीकृत वन व्यवस्थापन योजना अनुसार ढलापडा तथा सुखडखडा रुखहरुबाट संकलन भई धनगढी उपमहानगरपालिका वडा नं १४ कैलालीमा घाटगद्दी भएका काठ/दाउरा लिलाम प्रकृयाबाट बिक्रि गर्नुपर्ने भएको हुँदा विभिन्न लटका साल गोलिया काठ २५३३.७९ क्यू फिट, असना गोलिया काठ ४१००.६३ क्यू फिट, हल्दु १२९.१८ क्यू. फिट र जामुन १०७.०८ क्यू. फिट. र साल दाउरा चट्टा १०, मिश्रित दाउरा चट्टा १, र अन्य दाउरा चट्टा ४ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा आफ्नै खर्चमा उठाई लैजानेगरि शिलबन्दी बोलपत्रद्धारा लिलाम बिक्रि गर्नुपर्ने भएकोले मूल्य अभिवृद्धि करमा दर्ता भई सुचिकृत भएका स:मिल तथा काष्ठ व्यवसायीहरुले यो सूचना सौर्य राष्ट्रिय दैनिक पत्रिकामा प्रथम पटक प्रकाशित भएको मितिले २१ (एक्काईस) दिन भित्र वन निर्देशनालय, सुदूरपश्चिम प्रदेश, धनगढी, कैलाली वा यस कार्यालयबाट बोलपत्र खरिद गरि शिलबन्दी बोलपत्र २२ (बाईसौं) दिनमा कार्यालय समय भित्र डिभिजन वन कार्यालय कैलालीमा दाखिला गर्न यो सूचना आव्हान गरिन्छ । यस सम्बन्धि विस्तृत विवरण सहितको सूचना यस कार्यालय तथा सम्बन्धित अन्य कार्यालयको सूचना पाटिमा टाँस गरिएको व्यहोरा समेत सूचित गरिन्छ ।

---


**Qatar मा रोजगार** AL SAYED CLEANING MAINTENANCE AND SERVICES CO.

पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०७९/१२/१ चलानी नं. ६०१९८१४० LT.No. 282794

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्न सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | General clean worker | 9 | 0 | काममा दक्ष | 1000 | ३६,८२०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |
| २. | Labour | 37 | 4 | काममा दक्ष | 1000 | ३६,८२०।- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | छ | २ बर्ष |

AL SAYED CLEANING MAINTENANCE AND SERVICES CO.

पुनः विज्ञापन, पूर्व स्वीकृती मितिः २०८०/२/१२ चलानी नं. ६०२०२००० LT.No. 286642

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | Labour | 30 | काममा दक्ष | 1000 | ३६,८२०।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | छ | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा वीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैंले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैंले | रु. १,५००।- कामदार आफैंले | रु. ७,००।- कामदार आफैंले | निःशुल्क |

**अन्तरवार्ता २०८१ असोज २८ गते (14 Oct., 2024) यस प्रा. लि. को कार्यालय बसुन्धारा, काठमाडौंमा हुनेछ ।**

**वैदेशिक रोजगार विभागबाट गराईएको जानकारी:** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कूटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला । ५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफूसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परेमा बैदेशिक रोजगार विभाग बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

AAROHI HR Solutions Pvt. Ltd.
Govt. Lic. No: 1244/074/075
ISO 9001:2015 certified

**आरोही एच.आर. सोलुसन्स् प्रा.लि.**
Kathmandu Metropolitan-3, Basundhara Kathmandu Nepal
www.aarohihrsolutions.com info@aarohihrsolutions.com
01-4961807, 4962925 9802067941, 9801081902


---

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**सघन शहरी तथा भवन निर्माण आयोजना, धनकुटा**

## आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना

**प्रकाशन मिति : २०८१।०६।२१**

यस आयोजनाबाट मिति २०८१।०४।३० मा प्रकाशित बोलपत्र आह्वानको सूचना अनुसार तपशिलका निर्माण कार्यको लागि e-GP मार्फत दर्ता हुन आएका बोलपत्रहरुमध्ये निम्न अनुसारका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भई सफल भएको हुँदा सफल बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव मिति २०८१।०६।३० गतेका दिन बिहानको ११:०० बजे यस आयोजना कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१(ज) को उपनियम ५ अनुसार सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| सि.नं. | योजनाको विवरण | बोलपत्रदाताहरुको नाम |
|---|---|---|
| 1. | Struction & Upgradation of Khandbari–Kalchhebesi–Dake Sabhapokhari (Simle Gaun Guwabari Kholsi Section) Road, Khandbari 7 & 3, Sankhuwasabah PUDBC/DKT/NCB/WORKS/3/081/082 | 1. Shanker Trishakti Nirman Sewa, Ilam<br>2. Koshi/Ethical J.V., Lalitpur<br>3. Arun Barun Nirman Sewa Pvt. Ltd., Sankhuwasabha<br>4. Buwase Nirman Sewa Pvt. Ltd., Kathmandu<br>5. Awai/Shyam J.V., Dhankuta |

**- आयोजना प्रमुख**

---

**फिदिम नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**फिदिम, पाँचथर**

## एच.ड.पी. पाईप आपूर्ति गर्न बोलपत्र आह्वान सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशन मिति-२०८१/६/२१**

फिदिम नगरपालिकाको कार्यालयलाई आवश्यक पर्ने विभिन्न साईजको एच.ड.पी. पाईप आपूर्ति गर्न बोलपत्र आह्वानको e-bidding सम्वन्धी विस्तृत सूचना सार्वजनिक खरिद अनुगमन कार्यालयको website www.bolpatra.gov.np/egp मा समेत राखिएको छ । इन्छुक उत्पादक कम्पनी,आधिकारिक विक्रेता र सप्लायर्स फर्महरुबाट यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले आवश्यक कागजात सहित ३१ औं दिनको १२.०० वजे भित्र दाखिला गरी सक्नु हुन सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्का नं. | आपूर्ति गर्ने सामानको विवरण | धरौटी रकम रु. | बोलपत्र खरिद दस्तुर रु. |
|---|---|---|---|
| PM/ HDP/NCB/G / 09-2081/082 | विभिन्न साईजको एच.डि.पी. पाईप आपूर्ति | ५०,०००।- | ३,०००।- |

१. फिदिम न.पा. आन्तरिक राजश्व खाता नं. ०६७०३००००१००१०००००१
२. फिदिम न.पा. धरौटी खाता नं. ०६७०३००००३००००००००१

---

**म्याग्दे गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
छाङ्ग, तनहुँ, गण्डकी प्रदेश, नेपाल

## औषधी तथा सर्जिकल सामान खरिद कार्यको विद्युतिय माध्मवाट दरभाउपत्र आव्हानको सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१।०६।२१

१. यस कार्यालयबाट निःशुल्क वितरण गर्न औषधी तथा सर्जिकल सामानहरु सिलबन्दी दरभाउपत्रद्वारा खरिद गर्नु परेकोले ई–विडिङ्ग मार्फत दरभाउपत्र आह्वान गरिएको छ। दरभाउपत्र फारम २०८१।०७।०६ गते दिनको १२:०० वजेसम्म PPMO'S को website http://bolpatra.gov.np वाट Download गर्न सकिनेछ । दरभाउपत्र खरिद वापतको दस्तुर यस कार्यालयको लक्ष्मी वैंक लि., थर्पु शाखामा रहेको खाता नं ०७८०३०००१३० मा जम्मा रकम रु. एक हजार रुंपैया मात्र जम्मा गरि बैंक भौचर पेश गर्नुपर्नेछ । दरभाउपत्रहरु २०८१।०७।०६ गते दिनको १:०० वजे यस कार्यालयमा दरभाउपत्र दाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिनेछ । वोलपत्र दाता वा प्रतिनिधीको उपस्थिति नभएमा पनि वोलपत्र खोल्न वाधा पर्ने छैन । वोलपत्र पेश गर्दा चालु आ.ब.को लागि नविकरण गरिएको फर्म दर्ता प्रमाणपत्र, औषधी ब्यबसायी प्रमाणपत्र, आयकर दर्ता तथा मु.अ.कर दर्ता प्रमाणपत्र, आ.ब. २०७९/०८० को कर चुक्ता प्रमाणपत्र समेतको प्रमाणित प्रतिलिपी अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ ।

२. बोलपत्र दर्ता गर्दा सूचनामा तोकिए अनुसारको जमानत वापतको रकम क बर्गको बैकबाट जारी भएको र बोलपत्र खुल्ने मितिबाट ७५ दिन म्याद भएको बैंक ग्यारेन्टी (Bid Bond) बोलपत्रसाथ पेश गर्नुपर्नेछ । विदेशी बैंकको Bank Guarantee भएमा नेपाली बैंकबाट Endorse भएको हुनु पर्नेछ । स्वीकृत बोलपत्रदाताले लागत अनुमान भन्दा पन्ध्र प्रतिशतसम्म कम अङ्क कबुल गरेमा कबुल अङ्कको पाँच प्रतिशत र लागत अनुमानको पन्ध्र प्रतिशतभन्दा बढी घटेर कबुल गरेको अवस्थामा पन्ध्र प्रतिशतभन्दा जति रकमले घटी कबुल गरेको छ सोको पचास प्रतिशतले हुन आउने रकम कबुल अङ्क पाँच प्रतिशतमा थप गरी कार्यसम्पादन जमानत बापतको रकम माथि उल्लेखित धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा सोही अनुसार यस कार्यालयको नाममा जारी भएको परफरमेन्स वण्ड संझौता गर्नु अगावै पेश गर्नु पर्नेछ । नगद धरौटी राखिएकोमा परफरमेन्स वण्डमा परिवर्तन गर्न पाइने छैन ।

३. बोलपत्र स्वीकृत हुदा प्याकेजको रुपमा वा आइटम वाईज दर स्वीकृत गर्न सकिनेछ। बोलपत्रदाताले बोलपत्रको आइटम वाइज बिडिङ्ग गर्नु पर्नेछ । संझौता हुदा औषधीको परिमाणमा थपघट हुन सक्नेछ। साथै बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

४. वोलपत्र साथ आपूर्ति गर्ने औषधीहरु WHO/GMP Certify Company बाट उत्पादित भएको नविकरण गरिएको प्रमाण पत्र, Surgical Items को हकमा नविकरण गरिएको ISO प्रमाण पत्र र अन्य कुराको हकमा प्राबिधिक प्रस्तावमा तोके बमोजिमको कागजातहरुको प्रमाणित प्रतिलिपिहरु अनिवार्यरुपमा पेस गर्नुपर्नेछ ।

५. सुई, धुलो र झोल औषधी बाहेक संर्पूण औषधीहरु Strip मा मात्र आपूर्ति गर्नु पर्नेछ । बोतलमा आपूर्ति हुने सबै औषधीहरु प्लाष्टिक बोतलमा हुनु पर्नेछ ।

६. कार्यालय हाता सम्म सामान ढुवानी गर्न लाग्ने खर्च र सबै प्रकारका करहरु बोलपत्र दाताले नै ब्यहोर्नु पर्नेछ ।

७. आपूर्ति हुने औषधीको Expiry Date स्टोर दाखिला हुने समयमा कम्तिमा १८ महिना बाँकी हुनु पर्नेछ । तर कुनै औषधीको Expiry Date १८ महिना भन्दा कम हुने अबस्थामा कुल Expiry Date को ७५ प्रतिशत म्याद बाँकी भएको हुनु पर्नेछ ।

८. सप्लाई हुने औषधी तथा अन्य सामानको प्रत्येक Strips/Lebelling र प्याकिङ्गको बाहिर उत्पादन मिति, Expiry Date, ब्याच नम्बर र नेपाल सरकार निःशुल्क बितरणको लागि भन्ने बाक्याँश उल्लेख भएको हुनुपर्नेछ ।

९. सार्बजनिक खरिद नियमावली २०६४ को नियम ४०(ङ) अनुसार बोलपत्र दाताले खरिद कार्यमा अयोग्य नभएको, प्रस्ताबित खरिद कार्यमा आफ्नो स्वार्थ नवाझिएको र ब्यबसाय संबन्धी कसुरमा सजाय नपाएको भनि लिखित घोषणा भएको कागजात बोलपत्र साथ पेश गर्नु पर्नेछ ।

१०. बिदेशी औषधीको हकमा औषधी ब्यबस्था बिभागको पैठारी सिफारिस पत्रको नविकरण गरिएको प्रमाणित प्रतिलिपि पेस गर्नु पर्नेछ ।

११. बोलपत्रदाताले उपलब्ध गराउने औषधी स्वदेशी उत्पादन भएमा खरिदकर्ताको नाममा उल्लेखित बोलपत्र प्रयोजनको लागि जारी गरेको सक्कल अधिकार पत्र (Authorization) र विदेशी उत्पादन भएमा नेपाल भित्र वितरणको लागि तोकिएको आधिकारिक एजेन्टबाट लिएको सक्कलै अधिकार पत्र पेश गर्नु पर्नेछ।

१२. एक आपसमा मिलेमतो गरी बोलपत्र दाखिला गरेको पाईएमा त्यस्तो बोलपत्र स्विकृत गरीने छैन ।

१३. यस सूचनामा उल्लेख भएकोमा यसै अनुसार र अन्य कुराहरूको हकमा सार्वजनिक खरिद ऐन २०६३ (संशोधन सहित) र सार्वजनिक खरिद नियमावली २०६४ तथा प्रचलित नेपाल कानून अनुसार हुनेछ । बिस्तृत जानकारीको लागी म्याग्दे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, छाङ्ग, तनहुँमा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ ।

तपसिल

| सि.नं | ठेक्का नं. | बिबरण | लागत अनुमान मू.अ.कर बाहेक | धरौटी रकम | वोलपत्र फाराम दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | MRM-04-2081/082 | औषधी तथा सर्जिकल सामानहरु खरिद | रु ११,७०,९००। ७० (एघार लाख सत्तरी हजार नौ सय रुपैया सत्तरी पैसा मात्र।) | रु ३०,०००/–(तीस हजार रुपैया मात्र।) | रु १,०००।०० (एक हजार रुंपैया मात्र ।) | |

# पदमार्ग र अन्नपूर्ण आधार शिविरमा खेलाडीद्वारा सरसफाइ

■ सौर्य समाचार

म्याग्दी । जिल्लाको अन्नपूर्ण गाउँपालिका-७ घराम्दीका खेलाडीले मौरिस हर्जोग पदमार्ग र संसारको सातौँ अग्लो अन्नपूर्ण प्रथम हिमालको आधार शिविरमा सरसफाइ गरेका छन् । घराम्दीका भलिबल खेलाडीको १९ जनाको टोलीले आधार शिविर र नारच्याङको हुमखोलाबाट त्यहाँसम्म पुग्ने पदमार्गमा पर्यटकले फालेका फोहोर व्यवस्थापन गरेका हुन् ।



कुहिने फोहोरलाई खाडल खनेर गाड्ने र नकुहिने फोहोरलाई संकलन गरी केही तल ल्याएर जलाइएको सरसफाइ कार्यक्रमको अगुवाइ गरेका धनकुमार पाइजाले बताए । यही असोज १७ गते आधार शिविरतर्फ गएको १९ जनाको टोली आइतबार बिहान फर्किएको छ ।

'पर्यटक आगमन बढ्न थालेसँगै मौरिस हर्जोग पदमार्गमा फोहोर बढ्न थालेकाले सरसफाइका लागि सन्देश दिन कार्यक्रम गरिएको हो', पाइजाले भने, 'यहाँको सुन्दरतालाई कायम गर्न फोहोर व्यवस्थापनप्रति पर्यटकसहित सरोकार भएका सचेत हुनुपर्नेछ । अहिले गरिएको सरसफाइ कार्यक्रमलाई आगामी दिनमा पनि निरन्तरता दिनुपर्छ ।'

घराम्दी गाउँको विकास र प्रवर्द्धनमा सहयोग गर्दै आएका हाल बेलायत निवासी पाइजा र फगामीले भ्रमण तथा सरसफाइ टोलीको सबै खर्च व्यक्तिगत रूपमा व्यवस्थापन गरेका थिए । ८ हजार मिटर अग्लो पहिलो मानव पाइला परेको अन्नपूर्ण हिमालको आधार शिविर म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ मा पर्दछ ।

फ्रान्सका मौरिस हर्जोगले सन् १९५० जुन ३ तारिखका दिन ८ हजार ९१ मिटर अग्लो अन्नपूर्ण प्रथम हिमालको सफल आरोहण गरेका थिए । मौरिस हर्जोगले अन्नपूर्ण आरोहण गरेको २ वर्षपछि सगरमाथाको पहिलो आरोहण भएको थियो ।

मौरिस हर्जोगले अन्नपूर्ण हिमाल आरोहण गर्न प्रयोग गरेको पैदलमार्गलाई पछ्याएर तयार पारिएको नारच्याङबाट आधार शिविर जोड्ने 'मौरिस हर्जोग' पदमार्गमा पछिल्लो २ वर्षयता आन्तरिक पर्यटकको आकर्षण बढ्न थालेको मौरिस हर्जोग पदमार्गका अभियान्ता तेज गुरुङले बताए ।

गत वसन्तयाममा २५ जनाले अन्नपूर्ण आरोहणको अनुमति लिएका पर्यटन विभागले जनाएको छ । चालु शरदयाममा भने कसैले पनि अन्नपूर्ण आरोहणको अनुमति लिएका छैनन् । मौरिस हर्जोग पदमार्गका अभियान्ता गुरुङले दैनिकजसो आन्तरिक पर्यटकहरू आधार शिविर जान थालेका बताए ।

हुमखोला हुँदै गुरासेडाँडा, फुतफेते झरना, सम्धीखर्क, भुसकेत, नारच्याङ पञ्चकुण्ड ताल हुँदै ४ हजार १०० मिटर उचाइको अन्नपूर्ण हिमालको आधार शिविर पुग्ने पदमार्गलाई प्रथम आरोहीको सम्मानमा 'मौरिस हर्जोग' नामकरण गरिएको उनले जानकारी दिए ।

नारच्याङबाट ४२ किलोमिटरको दुरीमा रहेको नर्थ अन्नपूर्ण आधार शिविर पुग्नका लागि हुमखोलासम्म नीलगिरिखोला जलविद्युत् आयोजनाले २० किमी सडकको मार्ग खोलिएको छ । २०७७ माघमा नारच्याङमा अन्नपूर्ण पर्यटन महोत्सवसमेत आयोजना गरिएको थियो ।

अन्नपूर्ण र नीलगिरि हिमालको फेदीबाट बग्ने मिस्त्रीखोलाको किनारैकिनार, अग्ला झरना, मनमोहक हिमशृंखला, अनौठो भूगोल, पहाड, दुर्लभ वनस्पति, वन्यजन्तुको अवलोकन गर्दै आधार शिविर पुग्न सकिन्छ । अन्नपूर्णको फेदीमा करिब २० हजार वर्गमिटरमा फैलिएको मनोरम पञ्चकुण्ड ताल यहाँको थप आकर्षणको रूपमा रहेको छ । होटल तथा लजको सुविधा नभएको यस पदमार्गमा पदयात्रीले आफैँ खाने सामग्री लैजानुपर्छ । ५ ठाउँमा आश्रयस्थल निर्माण भएका छन् । अस्ट्रेलियामा रहेकी रघुगंगा गाउँपालिका-१ बेगकी ललिता शेर पुन्जाको अगुवाइमा हालै फुतफुते झरना नजिकैको आश्रयस्थलमा सार्वजनिक शौचालय निर्माण भएको छ ।

अन्नपूर्ण गाउँपालिकाका अध्यक्ष भारतकुमार पुनले मौरिस हर्जोग पदमार्ग र आधार शिविरमा आश्रयस्थल, सार्वजनिक शौचालयलगायत पूर्वाधार निर्माणका लागि चालु आर्थिक वर्षमा विनियोजन भएको १ करोड बजेट कार्यान्वयनको तयारी भइरहेको बताए । उनले यस क्षेत्रमा पर्यटकको सुविधाका लागि पूर्वाधार निर्माण गरिने जानकारी दिए ।


## Khatyadi Secondary School

**Invitation for Bids No.: 01/081/082/K/W/NCB**

**Invitation for Bids**

**Date of publication: 07-10-2024 00:00(2081/06/21)**

1. Khatyadi Secondary School invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of construction work of shree khatyadi secondary school academic building under National Competitive Bidding procedures.
   The estimated amount for the works is Rs. (in NRs) 8762195.75 (Exclusive of VAT and Contingencies)
2. Eligible Bidders may obtain further information and inspect the bidding document at the office of
   Khatyadi Secondary School, Doti, Doti, Sudoor Pachism Province, Nepal or may visit PPMO website www. bolpatra.gov.np/egp.
3. Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.
   bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   **Bid document fee : 3000**
   **Name of the Bank : Global IME Bank Ltd.**
   **Name of Office : Khatyadi Secondary School**
   **Office Code no :**
   **Office Account no : 13301010000010**
   **Account name . : Shree khatyadi Madhyamic Vidhyalaya**
4. electronic bids must be submitted to the only eclectronic through PPMO website www. bolpatra.gov.np/egp on or before 06-11-2024 12:00. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 06-11-2024 14:00 at the office of Khatyadi Secondary School Sudoor Pachism Province Nepal. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs. 248000.0, which shall be valid for 30 days beyond the validity period of the bid.
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

## Bagmati Rural Municipality

Jhurjhure, Makwanpur

**Invitation for Bids**

**Date of Publication: 2081/06/21**

**Bagmati Rural Municipality, Jhurjhure, Makwanpur Invites electronic bids from eligible** bidders for the procurement of following items under National Competitive Bidding Procedures specified in Public Procurement Act, 2063 and Regulations, 2064. Eligible Bidders may obtain further information and inspect each bidding documents at Bagmati Rural Municipality, Jhurjhure-04, Makwanpur, Tel: 9849162772/9866484834, Website: http://bagmatimunmakawanpur.gov.np/ or may visit PPMO e-GP system: https://www.bolpatra.gov.np/egp/

| Contract ID number/ IFB No. | Description of Particulars | Estimated Amount Inclusive VAT (NRs.) | Amount for Bidding Document (NRs.) | Amount of Bid Security (NRs.) |
|---|---|---|---|---|
| BRM/NCB/GOODS/ 001/2081/082 | *Supply and Delivery of Machine-Made Gabion boxes of different size at Bagmati 01 and 04* | 22,06,890/- | 3,000/- | 50,000/- |
| BRM/SQ/GOODS/ 002/2081/082 | *Supply and Delivery of OPC cement of 53 grade at ward-04* | 18,09,600/- | 1,000/- | 40,000/- |

***Note: If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date.***

**Chief Administration Officer**

## बलेफी गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

**बलेफी, सिन्धुपाल्चोक**

**आशयपत्र सम्बन्धी सूचना**

**प्रकाशित मितिः- २०८१।६।२१**

यस गाउँपालिकाको कार्यालयमा मिति २०८१/०६/१८ गते सम्ममा रित पूर्वक दाखिला भएका बोलपत्रहरुमध्ये देहायको बोलपत्र उच्चतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही ठहर भइ स्वीकृतीको लागि छनौट गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा (२) अनुसारको २०८१/०६/३० गते सम्मको लागि आशयको सूचना सोही ऐनको दफा ४७ को प्रयोजनको लागि प्रकाशित गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ ।

| क्र. श. | ठोक्का नं कामको विवरण | बोल कबोल रकम (मु.अ.क.) बाहेक | बोलपत्र दाताको नाम र ठेगाना |
|---|---|---|---|
| १. | 01/2081/082 Balephi gaupalika chhetra bhitra parne sunkoshi nadi ko jure dekhi balephi bazar kapileshwor mahadev mandir samma ko dhunga gitin ra baluwa utkhanan tatha sankalan sulka uthaune karya | 2,323,893.81 | Shrestha Construction Pvt.Ltd Namobuddha-9 Kavrepalanchok |

**प्रमुख प्रशासकीय अधिकृत**

## KhaptadChhanna Rural Municipality

**Office of Rural Municipal Executive**

**Chhanna, Bajhang**

**Sudurpaschim Province, Nepal**

**Invitation for Bids**

**Date of publication:2081/06/21( 7-10-2024)**

1. Khaptadchhanna Rural Municipality, office of Rural Municipal Executive invites electronic bids from Nepalese eligible bidders for the Construction of following works under National Competitive Bidding procedures.

| S N | IFB Number | Description of Works | Estimated Amount Including VAT P.S. | Bid Security Amount (NRS) | Bid Security Period (Days from Date of Bid opening ) | Cost of Bidding Document (NRS) |
|---|---|---|---|---|---|---|
| 1 | KCRM/NCB/ WORKS/ 2081/082-05 | Kuchekhola Saileshwory Sadak Cutting And Maintenance Works | 28,96,618.37 | 72,000 | 120 days | 3,000 |
| 2 | KCRM/ NCB/WORKS/ 2081/082-07 | Sera To Lamatola School Sadak Upgrading Works | 28,95,101.83 | 72,000 | 120 days | 3,000 |
| 3 | KCRM/ NCB/WORKS/ 2081/082-06 | Lamtada Meltadi Sadak Upgrading Works | 28,97,148.27 | 72,000 | 120 days | 3,000 |

2. Eligible Bidders may obtain further information may visit PPMO website www.bolpatra.gov.np/egp to inspect bidding document.The Purchaser reserves the right to accept or reject the Project. Tender Document Shall Follow the Public Procurement Acts and Regulation.
3. Bidder submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,Bidders, submitting their bid electronically.
4. Electronic bids must be submitted to the office Khaptad Chhanna Rural Municipality, Chhanna, Bajhang through PPMO website www.bolpatra.gov.np/egp on or before 12:00 noon on 06-11-2024. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2:00 pm 06-11-2024at the office of Khaptad Chhanna Rural Municipality, Chhanna, Bajhang. For more Detail visit the site of www.bolpatra.gov.np./egp.

**Chief Administrative Officer**

सौर्य दैनिक
SOURYA NATIONAL DAILY

## सम्पादकीय

# पूर्वराजा शाहको हँसिलो अनुहार र देश बिहिन भएका नेपाली भाषी

पूर्वराजा ज्ञानेन्द्र शाह चार दिने भुटान भ्रमणबाट आइतबार स्वदेश फर्किएका छन् । भूटानका राजाको आमन्त्रण उनी असोज १७ गते घटस्थापनाको दिन सपरिवार थिम्पु प्रस्थान गरेका थिए । व्याक्तिगत रूपमा पूर्वराजा शाह भ्रमणमा निकै रूची राख्छन् । भ्रमणका लागि भुटानका राजाले आमन्त्रण गरेदेखि नै नेपालको राजनीतिक तथा कुटनीतिक वृत्तमा विशेष चर्चा हुन थालेको थियो । भ्रमणका क्रममा भुटानको राजदरवारले जुन किसिमको स्वागत सत्कार तथा आतिथ्यता प्रदान गऱ्यो त्यसलाई लिएर नेपालका राजावादीहरू उत्साहित हुनु स्वभाविकै हो । सरसरर्ती हेर्दा राजनीतिक तथा कुटनीतिक क्षेत्रमा खासै हैसियत नभएको सानो देश हो भुटान । नेपालमा राजतन्त्र पुनवर्हालीको पक्षमा माहौल बढाउने सामार्थ राख्ने हैसियत भुटानका राज परिवारको छैन । तै पनि राजावादीहरू उत्साहित किन भइरहेका छन् ? भन्ने प्रश्नलाई विज्ञहरूले विभिन्न कोणबाट विश्लेषण गरेका छन् । भुटानले गरेको आमन्त्रण र सत्कारलाई भारतसँग जोडेर हेरिएको छ । किनकी भारतको स्वीकृति विना भुटानले एक पाइला पनि कुटनीतिक कदम चाल्न सक्ने अवस्था छैन । भुटानको रक्षा र परराष्ट्र मन्त्रालय भारतको अधिनमा छ । भुटान भनेको भारतको अर्धउपनिवेशिक देश हो । त्यसैले भारतको संकेतमै भुटानले नेपालका पूर्वराजालाई वहालवाला राजाको जस्तै सत्कार गरेको विश्लेषण गरिएको हो । ६ महिना अघि भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले गरेको भुटान भ्रमणसँग पूर्वराजा शाहको यो भ्रमण जोडिएको राजाबादीहरूको भनाई छ ।

नेपालबाट राजतन्त्र भारतकै कारण फालिएको र भारतले चाहृयो भने पुनवर्हाली हुने विश्लेषण गर्नेहरू पनि धेरै छन् । भारतले नेपाललाई भुटान जस्तै अर्धउपनिवेश बनाउने प्रस्ताव राजा समक्ष राखेको तर राजाले नमानेका कारण गणतन्त्र आएको दावी राजावादीहरूले गर्दै आएका छन् । यदी पूर्वराजा शाह नेपाललाई भुटानी मोडलमा लैजान तयार हुने हो भने राजतन्त्र पुनवर्हालीका लागि भारतले मद्दत गर्ने विश्लेषण धेरैको छ । भारतको पक्षमा कलम चलाउँदै आएका नेपालका केही पत्रकारहरूको प्रतिक्रिया पढ्ने हो भने यो विश्लेषणलाई नजरअन्दाज गर्न मिल्दैन । तर पूर्वराजा शाहले नेपाललाई भुटानी मोडलमा लगेरै भए पनि पुनवर्हाली हुन चाहेका हुन् त ? भन्ने प्रश्न स्वभाविक रूपमा उठ्छ । किनकी पूर्वराजा शाहले अघि सार्ने गरेको राष्ट्रबादको अस्त्रसँग भुटानी मोडल कहिँ कतै मेल खाँदैन । राष्ट्रवादको अस्त्र र भुटानी मोडल परस्पर विरोधी हुन् ।

विगत डेढ- दुई सय वर्षको विश्व इतिहास हेर्दा जननिर्वाचित राष्ट्रप्रमुख विस्थापित भई राजतन्त्र सुरू भएका उदाहरण छैनन् । तर फालिएको राजतन्त्र पुनवर्हाली भएका छिटफुट उदाहरणहरू छन् । जनताले चाहे भने राजतन्त्र पुनर्वाहाली गर्न नसक्ने होइनन् । लोकतन्त्रको अनुभूति जनताले गर्न पाएनन् भने राजतन्त्र ठीक भन्ने माहौल बन्न सक्छ । पछिल्ला केही वर्षहरूको अवस्था हेर्ने हो भने जनताले लोकतन्त्रको अनुभूति गर्ने वातावरणमा ह्रास हुँदै गएको छ । सत्ता संचालकहरू यो मामिलामा चुकेकै कारण पूर्वराजा शाहको लोकप्रियता बढेर गएको छ । यही अवस्थाले निरन्तरता पाउँदै गयो भने राजतन्त्र पुनवर्हालीको पक्षमा जनता सडकमा नआउलान् भन्न सकिन्न । पूर्वराजा शाह पुनवर्हालीको अभियानमा छन् भन्ने कुरा छर्लंग छ । तर भुटानका राजपरिवार सँगको हिमचिमले लोकप्रियता बढाउँदैन भन्ने हेक्का उनले राख्न सकेको देखिन्न । मातृ भाषा नेपाली भएकै कारण भुटानका राजाले लाखौं जनता लखेटेको विभत्स घटना कालो इतिहासका रूपमा कहिल्यै नमेटिने गरी अंकित भइसकेको छ । लखेटिएका जनताले मात्रै होइन नेपाली मातृ भाषा भएकाहरू चाहे विश्वका जुनसुकै देशमा बसेका होउन्, उनीहरूले भुटानको राजतन्त्रलाई ज्यादै घृणा गर्छन् । सामान्य विवेक पुऱ्याउन नसकेकै कारण २ सय ४० वर्षको विरासत जोगाउन नसकेर ज्ञानेन्द्र शाह पूर्वराजा बनेका हुन् । उनी हँसिलो अनुहार बनाएर भुटानबाट फर्केको भिडियो दृश्य देश बिहिन बनेका लाखौं नेपाली भाषीका लागि कत्ति पनि प्रिय हुन सक्दैन ।

## असोज २१ गतेको राशिफल

| | |
|---|---|
| मेष | विवादमा पर्न सकिने । |
| वृष | उत्तम भोजन प्राप्त । |
| मिथुन | रोग नास । |
| कर्कट | तनाब बढने । |
| सिंह | अपमान सहनु पर्ने । |
| कन्या | दामपत्य सुख । |
| तुला | अवरोध । |
| वृश्चिक | आर्थिक लाभ । |
| धनु | कडा परिश्रम । |
| मकर | कडा परिश्रम । |
| कुम्भ | सम्मान प्राप्त । |
| मीन | व्यवसायमा नोक्सान । |



ज्यो. दुर्गा प्रसाद उपाध्याय
फो नं. ९८४१-३७१८९७,
कोटेश्वर, काठमाडौं
ईमेल : durga.np@gmail.com
facebook
Durga Prasad Upadhayaya

# दैवी प्रकोप र भूक्षय न्यूनीकरण



कृष्ण बोहरा

“

**बोटबिरूवा नभएको नांगो जमिनमा वर्षात्मा ९० प्रतिशत पानी माटो ढुंगासहित बगेर गएको हुन्छ । तर, बोट बिरूवाले ढाकिएको जमिन भएमा ९० प्रतिशत पानी जमिनले सोस्दछ भने १० प्रतिशत त्यो पनि संग्लो पानी बग्दछ । यसले पहिरोको जोखिम कम भइ खोलाको बहाब र बाढी पनि कम हुन्छ । आजभन्दा झण्डै ४ दशक अगाडिको आँकडाअनुसार हाम्रो देसको यस्ता नांगा जमिनबाट १ वर्षमा २४ करोड मेट्रिक टन माटो बगेर बंगालको खाडीमा ४० हजार बर्गकिलोमिटरको टापु बनेको कुरा सुनिन्थ्यो**

बर्सेनि बाढी र पहिरोको कारण प्रशस्त धन जनको क्षति भइरहेको छ । यो साल पनि यो क्रम रोकिएन । हालसालै परेको पानीले पुनः व्यापक धनजनको क्षति भएको छ । यसपटक निकै भयावह स्थितिको सामना देशभरका मानिसहरूले गर्नुपऱ्यो । वर्षा मापन केन्द्रका अनुसार योपटक पहिले भन्दा अत्यधिक बढी पानी परेको छ । पहिरोका कारण लामो दुरीका सवारी साधन बाटोमा अलपत्र अवस्थामा थिए । सरकारले निरन्तर झरीका कारण यातायातको साधन नचलाउनु भन्ने जानकारी गराएको भए तापनि यसलाई बेवास्ता गर्दै चलाएको कारण झ्याप्ले खोलामा बस दुर्घटना भएको देखियो । सूचना जारी गरे पनि सरकारका संयन्त्र ट्राफिक प्रहरीहरूले बस सञ्चालन गर्न नरोकेको पनि देखिन्छ । यसबाट सरकारका संयन्त्रले काम नगरेको पनि भन्न सकिन्छ । काठमाडौं उपत्यकामा पनि बाढी र डुवानले ब्यापक धनजनको क्षति भएको खबर आएको छ । चीनमा ओलम्पिक खेल चलिरहेका बखत वर्षालाई पनि रोकेर खेल सञ्चालन गरेको भन्ने खबर सुनिएको थियो । विकसित देशमा कृतिम वर्षा गराउने र वर्षा रोक्ने सम्मको प्रविधि विकास भएको भन्ने छ । हाम्रोजस्तो विकासोन्मुख मुलुकमा त्यो त सम्भव नहोला । तैपनि बाढीपहिरोलाई न्यूनीकरण गर्ने कुनै वैज्ञानिक प्रविधि हुँदैनभएको हो त ? विज्ञहरूको भनाइअनुसार बाढीपहिरोको प्रमुख कारण नै भूक्षय हो । भूक्षय २ किसिमले हुन्छ, प्राकृतिक र मानव सिर्जित ।

### प्राकृतिक

पहिले हामी भूक्षय भनेको के हो ? त्यो बुझ्ने प्रयास गरौं । यसलाई हामी यसरी बुझ्न सक्छौं । पहाडको भिरालो जमिनमा जहाँनेर नांगो र खाली जमिन हुन्छ, वर्षाको पानीको थोपा यसमा परेपछि माटोका कणहरू यसबाट निस्केर स्थानान्तरण हुन्छ । पानीसँगै धमिलो माटोको लेदो स्थानान्तरण भएको माटो बग्न थाल्छ । यो पहिलो रूप हो । यो लेदो सहितको पानीले अली तल पुगेपछि बालुवाको कणहरू पनि सँगै बगाउन थाल्छ । यो बालुवाको कण सहितको धमिलो पानी पहिलेभन्दा अब अझै बलशाली हुन्छ । यो दोस्रो रूप हो । यसले अलि तल पुगेपछि कंक्रिट र अलि साना साना गिट्टीजस्ता ढुंगा पनि बगाउँछ । अब यस्तो मसिना ढुंगा सहितको बाढी अझै बलियो हुन्छ र यसले योभन्दा ठुला ठुला ढुंगा पनि बगाउँछ । यो तेस्रो रूप हो ।

यस्तो बेगवान बाढीले ठुलठुला घरजस्ता ढुंगासमेत बगाएर सँगै लाने क्षमता राख्दछ । नदीमा पुगेपछि यस्तो बाढीले आफ्नो रुटको बाटोलाई पनि गहिरो बनाएर लान्छ भने किनारलाई पनि काटेर बग्दछ । यस्तो अवस्थामा ठाउँठाउँमा पहिरो पनि जान्छ । यो भूक्षयको चौथो रूप हो । यसरी माटो बगेको कारणले हाम्रो पहाडी भेगको मलिलो माटोसमेत कटान गरी बर्सेनि कति अर्ब टन माटो बगेर जान्छ त्यसको एकिन हिसाब छैन । यसबाट रुखो माटो मात्र हामी कहाँ बाँकी रहने क्रम बर्सेनि रहिरहन्छ ।

भूक्षय हुने यस्तो प्रक्रियालाई रोक्न नांगो र खाली जमिनलाई कतै नदेखिने गरी बिरुवाहरू रोपेर टनक्क ढाक्नुपर्दछ । यस्तो भएमा वर्षाको पानी पर्दा माटो बगाउन पाउँदैन । जसबाट संग्लो पानी मात्र बग्छ । त्यो पनि ९० प्रतिशत पानी जमिनले नै सोस्दछ । यसो हुँदा १० प्रतिशत मात्र बगेको संग्लो पानीले बाढीको प्रकोप कम हुन जान्छ । पहिरो जाने क्रममा पनि न्यूनीकरण हुन मद्दत पुग्दछ । पहिरो जाने भनेको माटो ढुंगा र लेदो सहितको पानीको बहावको कारण नै हो ।

### मानव सिर्जित

मानवीय गतिविधिका कारण हुने भूक्षय सबैभन्दा डरलाग्दो रूपमा देखापरिरहेको छ । नेपालको सन्दर्भमा बहुदलीय व्यवस्थाको आगमनपश्चात चारैतिर मोटर बाटो बनाउने क्रम तीव्र रूपमा देखापरेको छ । त्यो पनि वर्षा सुरु हुन केही समयअघि वा वर्षा सुरु भइसकेपछि डोजर लगाएर मोटर बाटो बनाइन्छ । यसमा जमिनको प्रकृति कस्तो छ ? त्यो कमलो माटो हो कि ? कमेरो माटो हो ? वा मजबुत माटो हो ? त्यसको वास्ता गरेको पाइँदैन । कुनै जिओलोजिस्टद्वारा माटो जाँच गरिएको हुँदैन । अर्को कुरा प्राविधिक रूपमा पनि बाटो उपभोक्ता समितिमा मात्र यो निर्भर हुन्छभन्दा कुनै फरक पर्दैन । गाउँपालिकाले बनाएको यस्तो बाटोमा प्राविधिकहरूले मात्र औपचारिकता पूरा गरेर फर्केको देखिन्छ । यसबाट बाटोको स्थायित्वको पनि कुनै ग्यारेन्टी हुँदैन । कुनामा नाला नबनाइकन बनाइएको यस्तो बाटो वर्षा लागेपछि क्षतविक्षत भई काम नलाग्ने भएको देखिँदै आएको छ । माटो ढुंगा प्रशस्त मात्रामा बग्न जाने हुनाले यसबाट पहिरोको जोखिम अनियन्त्रित रूपमा बढिरहेको छ ।

विकासको नाममा सडक खनेर निम्तिरहेको यस्तो बिनासलाई न्यूनीकरणका केही उपायहरू छन् । ती हुन वर्षा सिद्धीसकेपछि मात्र बाटो खन्ने । बाटो खन्नुअघि माटोको प्रकृतिको जाँच जिओलोजिस्टहरूलाई झिकाई गराउने बन्दोबस्त मिलाउने । बाटोको सर्भे दक्ष प्राविधिकहरूलाई ल्याएर गर्न लगाउने । बाटो मुनि र माथि आवश्यक वाल राख्ने । खाली जमिन नदेखिने गरी बिरुवाहरू रोप्ने । यसो भयो भने अर्को वर्षा सुरु हुनेबेलासम्म माटो जमिइसक्ने हुन्छ । बिरुवाहरू हुर्किने क्रम सुरु हुन्छ । यसबाट भूक्षयलाई न्यूनीकरण गर्न ठूलो सहयोग पुग्छ ।

मोटर बाटो बनाउने सम्बन्धमा जापानिज प्रविधि निकै उच्च स्तरको भन्ने लागेको छ । जथाभावी डोजरले खनेर तलतिर माटो नफ्याकिकन बरु आवश्यक ठाउँमा पहिले नै वाल राखी कुनाको माटो वालमा पुरिने गरी भर्दै जाने तरिकामा माटो ढुंगा तलतिर गई पहिरो जाने सम्भावनालाई बचाउन सकिने तथा कुना थोरै मात्र कटिङ गरेर पनि थोरै माटो बनिबनाउ तलको वालमा भर्दा पनि सजिलै र छिटो बाटोको रुपरेखा देखिने हुन्छ । यस्तो कुरा जापानिजहरूको यो तरिकाबाट सिक्न सकिन्छ । पानी जाने नालामा समेत सिढी बनाई पानीको बहाबलाई रोक्दै बहाउने तरिका निकै नै फाइदाजनक देखिन्छ ।

यस्तै कुना पट्टिको नांगो जमिनमा आवश्यक मेसिनरी वालले जमिन नदेख्ने बनाइन्छ । अर्थात यस्तोमा हामीले पानी सोस्ने खालको बिरुवा पनि लगाउन सक्नेछौं । बनेपा बर्दिवास सडक जापाननिज प्रविधिबाट बनेको एउटा नमूनालायक सडक हो । यसबाट हामीले सडक बनाउनका लागि आवश्यक आधुनिक प्रविधिको ज्ञान लिन सक्दछौं । हुन त यस सडकमा पनि यो पटकको वर्षाले क्षति त बनाएकै छ, तर यो आसपासको जमिनमा भएको भूक्षयको कारण हो । भूक्षयको कारण खोलामा आएको बाढीको कारणले पनि हो । प्राविधिक रूपमा सडक कमजोर भएर होइन भन्ने लागेको छ ।

हालसालै काठमाडौं उपत्यकाका नदीहरूले ल्याएका बाढी र डुवानको समस्याले धेरैको मन रुवाएको छ । बाढी बस्तीभित्र पस्यो भनी समाचार संप्रेषित भएको सुनिन्छ । तर, बाढी बस्तीमा पसेको नभई खोला बग्ने भागमा बस्ती बसाएकाले खोलाले आफ्नो भाग नछोडेको हो । मानिसले खोलो मिच्ने मूर्खता गरेकाले हो । कसैले भनिरहेका छन् अब त्यतिले पुगेन अरू दोब्बर भाग खोलालाई छुट्याएर मात्र भविष्यमा मापदण्ड कायम गर्नुपर्छ । काठमाडौंका मेयर बालेन शाहले नदीको दाया बायाँ २०-२० मिटर छोड्नुपर्छ भनेका छन् । यदि हामीले भूक्षय न्यूनीकरणको माथिको तरिका अवलम्वन नगर्ने हो भने बर्सेनि खोलाको लागि यसको दोब्बर भाग छुटयाउँदै जानुपर्ने हुन्छ ।

बोटबिरुवा नभएको नांगो जमिनमा वर्षात्मा ९० प्रतिशत पानी माटो ढुंगासहित बगेर गएको हुन्छ । तर, बोटबिरुवाले ढाकिएको जमिन भएमा ९० प्रतिशत पानी जमिनले सोस्दछ भने १० प्रतिशत त्यो पनि संग्लो पानी बग्दछ । यसले पहिरोको जोखिम कम भइ खोलाको बहाब र बाढी पनि कम हुन्छ । आजभन्दा झण्डै ४ दशक अगाडिको आँकडाअनुसार हाम्रो देसको यस्ता नांगा जमिनबाट १ वर्षमा २४ करोड मेट्रिक टन माटो बगेर बंगालको खाडीमा ४० हजार वर्गकिलोमिटरको टापु बनेको कुरा सुनिन्थ्यो । बहुदलीय व्यवस्था आइसकेपछि गाउँगाउँमा डोजर लगाई सडक खन्ने रफ्तार बढेकाले यो आँकडा बढेर कति पुग्यो होला तपाईं आफैं कल्पना गर्न सक्नुहुन्छ ।

यसैले भूक्षय न्यूनीकरण सबैको चासोको विषय हुनुपर्छ । यस विषयमा छलफल कार्यक्रमहरू चलाइनुपर्दछ । सर्वसाधारण जनतामा यस विषयमा सचेतना र जागरण उत्पन्न गराउनु आवश्यक छ । यसका लागि सरकारी निकायहरूजस्तै गाउँपालिका, नगरपालिका वन कार्यालय, कृषि विकास कार्यालयहरूलाई सचेतनाका लागि भूमिका निर्वाह गर्न निर्देशित गर्न सकिनेछ ।

वन तथा वातावरण मन्त्रालय, भूसंरक्षण विभाग, जल उत्पन्न प्रकोप नियन्त्रण विभाग, विज्ञान तथा प्रविधि प्रतिष्ठानजस्ता केन्द्रीय स्तरका कार्यालयहरूमार्फत सरकारले यी कामहरू सम्पादन र सञ्चालन गर्न सक्नेछ । सधैं दैवी प्रकोपको नाममा रकम संकलन गर्ने । दैवी प्रकोपका लागि राहत वितरण गर्ने मात्र काम गर्ने तर भूक्षय न्यूनीकरणको कुनै उपाय कार्यान्वयन नगर्ने हो भने यो परम्परा अनवरत रूपमा चलिरहन्छ । भविष्यमा दैवी प्रकोपको यो भन्दा डरलाग्दा रूपहरू देख्दै जानुपर्नेछ ।

# बडादसैं कि, विजयादशमी ?



अञ्जु कार्की

यतिबेला हामी नेपाली पहिलो ठूलो चाड बडादसैं मनाइरहेका छौं । अबको केही दिनपछि दोस्रो ठूलो चाड तिहार मनाउँदैछौं, त्यस पछि छठ । हुन त चाडपर्वहरू कोही ठूला या कोही साना भन्ने हुँदैनन् । सबैका आ-आफ्ना विशेषता र महत्व छन्, तर सहभागिताका हिसाबले दसैं, तिहार र छठलाई ठूला चाड भन्ने गरिएको छ ।हामी चाडपर्वका दृष्टिले धनी छौं तर हाम्रा धेरै धार्मिक चाडपर्व एवं संस्कृतिहरू विदेशी अतिक्रमणमा परिसकेका छन् । उदाहरणका लागि हामीले वडादसैं बिर्सेर विजयादशमी भन्न थालेका छौं । तिहार बिर्सेर दीपावली भन्न थालेका छौं । हाम्रो आफ्नै मौलिक संवत् नेपाल संवतलाई हामीले धार्मिक क्रियाकलापका तिथिमा मात्रै सीमित राखेर विदेशबाट विक्रम सम्बत र इस्वी सम्बतलाई टपक्क टिपेर मनाउन थालेका छौं । हाम्रो नेपाल संवत् अब धार्मिक तथा सांस्कृतिक क्रियाकलापमा पनि रहँदैन कि जस्तो देखिएको छ ।

उदाहरणका लागि जन्मदिवसलाई नै लिउँ । 'बर्थ डे' भन्दै हामी विक्रम सम्बत र इस्वी सम्बत मितिमा जन्म दिवस मनाउन थालेका छौं । यसरी नै अतिक्रमण बढ्दै गयो भने भोलि हामीले पितृ श्राद्ध पनि नेपाल सम्बतको तिथिलाई बिर्सेर विक्रम तथा इस्वी संवतको मितिमा गर्न बेर छैन । ५ दिनसम्म मनाइने तिहार पर्वभित्र पनि विभिन्न चाडहरू छन् । पहिलो दिन त्रयोदशीका तिथिमा चलाख पक्षी कागको पूजा गरी तिहार आरम्भ गरिन्छ । यो दिनलाई काग तिहार भन्ने चलन छ । दोस्रो दिन चतुर्दशी तिथिमा आज्ञाकारी जनावर कुकुरको पूजा गन्छि । त्यसैले यस दिनलाई कुकुर तिहार भन्ने गरिन्छ । तेस्रो दिन औंशी तिथिमा लक्ष्मीको अवतार गाईको पूजा गरिन्छ । जसलाई लक्ष्मी पूजा पनि भन्ने गरिन्छ । खास गरी व्यापारिक वर्गले लक्ष्मी पूजालाई विशेष महत्व दिन्छन् । रातभरी घर आँगन झिलिमिलि उज्यालो बनाएमा लक्ष्मी प्रवेश गर्छिन् भन्ने मान्यता छ । त्यसकारण व्यापारी वर्गले तिहारलाई दीपावलीसमेत भन्ने गरेका छन् । तिहारे औंशीकै तिथिबाट नेपाल सम्वतको नयाँ वर्ष सुरु हुन्छ । नेपालसम्वतको नयाँ वर्ष नेवार समुदायको मुख्य चाड हो । तिहारको चौथो दिन प्रतिपदा तिथिमा गोवर्धन पूजा गरिन्छ । जसलाई गोरु तिहार भन्ने चलन छ । यसैगरी तिहारको अन्तिम दिन अर्थात द्वितीया तिथिमा दिदीबहिनीले दाजुभाइको दीर्घायुको कामना गर्दै विशेष पूजा गरी सप्तरंगी टीका तथा फूलमाला लगाइदिन्छन् । यस दिनलाई भाइटीका भन्ने गरिन्छ । तिहारका ५ दिनमध्ये नेपालमा भाइटीकाको महत्व सर्वाधिक छ । तिहार र भाइटीकालाई एकअर्काका पर्याय मानिन्छ । उता भारतको हिन्दू समुदायमा भने भाइटीकाको चलन छैन । भारतीय हिन्दूहरू लक्ष्मीपूजालाई नै तिहारको पर्याय मान्छन् । त्यसैले भारतमा तिहार पर्वलाई दीपावली भन्ने गरिन्छ ।

भारतकै देखासिखीका कारण नेपालमा पनि केहीले तिहार पर्वलाई दीपावली पर्व भन्ने गरेको पाइन्छ । तर, दीपावली भनेको तिहार पर्वका ५ वटा चाड मध्ये एउटा चाड हो भन्ने हेक्का हामी नेपालीले राख्नै पर्छ । संस्कृत भाषा लोप गराएर हामीले धेरै कुरा गुमाएका हौं । संस्कृत भाषाको वैदिक सनातन शब्दलाई त्याग्दै फारसी भाषाको हिन्दू शब्दलाई भारतीयहरूले अँगाल्नुको निश्चित कारण छ । त्यो कारण हो, संस्कृत भाषा लोप हुनु । नेपालको सन्दर्भमा संस्कृत भाषा जनजिब्रोमा लोप भए पनि ब्राह्मणहरूले आफ्नो कर्मकाण्डी पेसालाई जोगाउन भए पनि निरन्तरता दिइरहेका थिए ।

कम्तीमा पनि संस्कृतको एउटा विषय सरकारी शिक्षाको निमावी तहमा अनिवार्य गरिएको थियो । संस्कृत पढ्नेहरूले नेपाली भाषालाई जीवन्तता दिँदै आएका थिए तर माओवादी 'जनयुद्ध' का नाममा संस्कृत पढ्ने बटुकहरूको टुप्पी काट्ने अभियान सुरु गरियो । संस्कृतका पाठ्यपुस्तक जलाउन थालियो । पाणिनी संस्कृत मावि लमजुङका प्रधानाध्यानपक मुक्तिनाथ अधिकारीलाई त झन् जिउँदै रुखमा बाँधेर घाँटी रेटी हत्या नै गरियो । आवरण माओवादीको भए पनि हाम्रो भाषा र संस्कृतिमाथि शत्रुहरूले गरेको विभत्स हमला थियो यो । यो हमला करिब १० वर्ष चल्यो ।

अतिक्रमण, भूगोलमा मात्र होइन भाषा र संस्कृतिमा पनि हुन्छ । भूगोलको अतिक्रमण जति खतरनाक हुन्छ, भाषा र संस्कृतिको अतिक्रमण त्यो भन्दा बढी खतरनाक हुन्छ । भूगोलमाथिको अतिक्रमण आफू सक्षम हुँदा फिर्ता गर्न सकिन्छ भने भाषा र संस्कृतिमाथिको अतिक्रमण कुनै हालतमा फिर्ता गर्न सकिँदैन । यसमाथि एकपटक अतिक्रमण भएपछि फर्काउन निकै चुनौतीपूर्ण हुन्छ ।

उदाहरणका लागि हामी नेपाली वैदिक सनातनी हौं, तर हाम्रो यतिबेलाको पहिचान हिन्दूका रूपमा भएको छ । अब साविककै वैदिक सनातनीका रूपमा परिचित हुन हामी नेपालीलाई सम्भव छैन । किनकी विद्यमान समयमा नेपालको नाम हिन्दूराज्यका रूपमा राख्नुपर्ने माग उठिरहेको छ र यसको समर्थन गर्नेहरूको संख्या दिनानुदिन बढिरहेको छ ।

वास्तवमा हिन्दू भनेको कुनै धर्मको नाम नभएर निश्चित भूगोलमा बस्नेहरूको नाम हो । अर्थात नेपाल उपत्यकामा बस्नेहरूलाई नेपाली भनिएजस्तै प्राचीन समयमा सिन्धु उपत्यकामा बस्नेहरूलाई हिन्दू भन्न थालियो । त्यतिबेला सिन्धु नदीभन्दा पश्चिममा बोलिने फारसी भाषामा 'स' को उच्चारण 'ह' गरिन्थ्यो । त्यसैले त्यो बेला सिन्धु नदी पूर्वका बासिन्दालाई फारसीहरूले हिन्दू भन्न थाले । केही शताब्दीको अन्तरालमा भारतका सम्पूर्ण बासिन्दालाई हिन्दू र उनीहरूले बोल्ने मुख्य भाषालाई हिन्दी भन्न थालियो । भारतको सट्टा हिन्दूस्थान भन्न थालियो । हुँदा हुँदा उनीहरूले मानिआएको धर्म तथा संस्कृतिलाई पनि हिन्दू भन्न थालियो । पहिले मुसलमान र त्यसपछि इसाइहरूले ओढाइदिएको 'हिन्दू' पगरी भारतीयहरूले सहजै ग्रहण गरे । तर कालान्तरमा त्यसको बाछिटा बिस्तारै नेपालसम्म पुग्यो । राजा महेन्द्रले पञ्चायती व्यवस्थालाई हिन्दूस्थानको समर्थन दिलाउने नियतका साथ नेपाललाई हिन्दू अधिराज्य नामकरण गरिदिएको पाइन्छ । नेपालीहरूलाई आफूले मानिआएको धर्म वैदिक सनातन लेख्न दिइएन । जबरजस्ती हिन्दू लेख्न बाध्य बनाइयो । लामो समयसम्म एउटै अभ्यास भइसकेपछि त्यसलाई त्याग्न गाह्रो हुँदो रहेछ । त्यतिबेला हिन्दू लेख्न बाध्य बनाइएका हामी नेपालीहरू यतिबेला वैदिक सनातनी अर्थात आफ्नो वास्तविक पहिचान खुलाउन हच्किएका छौं । हिन्दूका रूपमै आफूलाई चिनाउन गौरव गर्ने अवस्थामा पुगिसकेका छौं ।

हाम्रा जुन धार्मिक तथा पौराणिक ग्रन्थ छन्, ती ग्रन्थमा हिन्दू भन्ने शब्द कहीं कतै उल्लेख छैन् । हाम्रा धार्मिक तथा पौराणिक ग्रन्थहरू संस्कृत भाषामा लेखिएका छन् तर संस्कृत भाषाले हिन्दू भन्ने शब्दलाई चिन्दैन । र पनि भनिरहेका छौं, 'हामी हिन्दू हौं ।' हाम्रो पहिचानमाथि भएको अतिक्रमण भनेको वास्तवमा यही हो । वास्तवमा कालापानी अतिक्रमणभन्दा पनि दुःखदायी यो हो, हाम्रो पहिचानमाथिको यस्तो अतिक्रमण । हाम्रो भाषा तथा संस्कृति माथिको अतिक्रमणमा मुख्य भूमिका भारुको छ कि डलरको भन्ने विषय अनुसन्धानको छुट्टै पाटो हुनसक्छ । संस्कृत र सभ्यताको इतिहास हेर्दा विश्वमा जीवित पुराना सभ्यताहरू मध्ये पूर्वीय दर्शनबाट प्रभावित नेपाली सभ्यता प्रमुख हो । तर, विभिन्न नाममा हाम्रो सभ्यतामाथि हमला भइरहेको छ । हामी मौन मात्र छैनौं बरु त्यसैमा रमाइरहेका छौं । हामीलाई यस्तो लागिरहेको छ कि, हामी सबैभन्दा ठूला क्रान्तिकारी बनिरहेका छौं । हामी सबैभन्दा ठूला आधुनिकतावादी बन्दैछौं । हामीले आधुनिकताको खोल ओढ्दै गर्दा यो बिर्सिनु हुँदैन कि, पश्चिमले कसरी विकास गऱ्यो ? आफ्ना धर्म, संस्कृति र सभ्यताको जगमा उभिएर नै पश्चिमको विकास सम्भव भएको हो । पश्चिमीकरणलाई गर्वका साथ आत्मसात गरिनु आफ्नो अस्तित्व निमिट्यान्न पार्नु हो । उनीहरूले पृथ्वी चेप्टो छ भनेर भन्दै गर्दा हाम्रा पूर्वजहरू पृथ्वी एक पिण्ड हो, नौ ग्रह छ भन्ने ठाउँमा थिए । हाम्रा पूर्वजहरू एस्ट्रोलजीका ज्ञाता थिए भन्ने कुरा यसैबाट प्रमाणित पनि हुन्छ । हाम्रो सभ्यता अनि संस्कृति धेरै वैज्ञानिक रहेको, कहिले पनि अन्धभक्त नभएको र जहिले पनि अनुसन्धान तथा सोधखोजमा आधारित रहेको देखिन्छ । तर हामीले त्यसलाई निरन्तरता दिन सकेनौं । त्यो नै हाम्रो सबैभन्दा ठूलो दुर्भाग्य हुन पुग्यो ।

जनयुद्धको नाममा संस्कृत भाषालाई विस्थापित गर्ने प्रयासमा पश्चिमाहरूको हात छ भन्ने कुरामा कुनै सन्देह छैन । कुनै समय अंग्रेजी, नेपाली गणितजस्तै विद्यालयमा अनिवार्य रूपमा पढाइ हुने संस्कृत अहिले कहाँ पढ्न पाइन्छ ? भनेर खोज्दै हिँड्नुपर्ने अवस्था छ । नेपालमा मात्र होइन, विश्वव्यापी रूपमा सबै मौलिक सभ्यता र संस्कृतिमाथि पश्चिमाहरूको नियन्त्रण छ । उनीहरू कुनै पनि राज्यलाई आफ्नो नियन्त्रणमा लिनका लागि युद्धनीति मात्र प्रयोग हुँदैन, जहाँ युद्ध नीति प्रयोग गर्दैनन्, त्यहाँ कूटनीति पनि प्रयोग हुने गरेको छ । आज संसार पश्चिमी कूटनीतिको परिबन्धमा बाँधिएको छ । त्यो परिबन्धबाट नेपाल उम्कने त सम्भव नै भएन । कुनै राज्य, ठाउँ वा मानिसको फरक परिचय उसको विचार, संस्कृति, धर्म, भाषा अनि सभ्यताको आधारमा हुन्छ । जब कुनै राष्ट्रका भाषा, धर्म, संस्कृति अनि सभ्यतामाथि अतिक्रमण गर्न सकिन्छ तब त्यो देश तहसनहस हुनु स्वभाविकै हुन्छ । हामी नेपालीहरू जानी नजानी लहडैमा आफ्नो भाषा, धर्म र संस्कृतिमाथिको हस्तक्षेपलाई आधुनिकताको परिभाषा दिँदै गर्व महसुस गरिरहन्छौं । पश्चिमाहरूको भन्दा हाम्रो फरक अस्तित्व छ । यति मात्रै होइन भारतको भन्दा पनि हाम्रो भाषा, धर्म र संस्कृतिको समेत भिन्नै अस्तित्व छ । हाम्रो यसप्रकारको फरक अस्तित्वलाई निम्ट्यान्न पार्न कतै हामी आफैँ त लागिरहेका छैनौं । गम्भीर बन्नुपर्ने बेला आइसकेको छ । हाम्रो भाषा दोहोरो चपेटामा छ, एकातर्फ अंग्रेजीकरणको र अर्कोतर्फ हिन्दीको । नेपालमा भारतीय हिन्दी टेलिभिजन च्यानलहरूको बिगबिगी छ । भारतीय फिल्महरूको बिगबिगी छ । हामी नेपाली छाडेर हिन्दी टेलिभिजन तथा सिनेमा हेर्न गौरव गर्छौं । हामीले हाम्रा केटाकेटीलाई हिन्दीमै बानी पारिसकेका छौं । सानो बच्चाले घरमा कार्टुन हेर्दै हिन्दी सिक्छ भने उता विद्यालयमा अंग्रेजी ।

सौर्य दैनिक मधेस

# बारामा ६ हजार ४७२ हेक्टर धानबाली डुबानमा

■ सौर्य समाचार

बारा । जिल्लामा ६ हजार ४७२ हेक्टर क्षेत्रको धानबाली डुबानमा परेको छ । यही असोज १० देखि १२ गतेसम्म अविरल रूपमा परेको पानीसँगै खोलानालामा आएको बाढीले उक्त क्षेत्रमा लगाइएको धानबाली डुबानमा परेको कृषि ज्ञान केन्द्र बाराले जनाएको छ । केन्द्रका प्रमुख राजनारायण साहले डुबानमा कुन-कुन बालीमा के-कति क्षति भएको बारेमा किसानसँग तथ्यांक लिने काम भइरहेको जानकारी दिए । केन्द्रका प्रचार अधिकृत रामजीवन ठाकुरले यस वर्ष कुल बर्खेधान ४६ हजार २० हेक्टर क्षेत्रमा रोपाइँ गरिएको जानकारी दिए ।

मधेस प्रदेश कृषि विकास निर्देशनालय जनकपुरका प्रमुख जितेन्द्र यादवका अनुसार प्रदेशका ८ जिल्लामा ४२ हजार ६९ हेक्टर क्षेत्रमा धानबाली डुबानमा परेको छ । सोमध्ये बारामा मात्र कुल ६ हजार ४७२ हेक्टर डुबानमा पर्दा ७७ करोड ६६ लाख ४० हजार बराबर क्षति भएको अनुमान गरिएको उनले जानकारी दिए ।

# अनुदान रकम पाएपछि महोत्तरीका उखु किसान मखख

■ सौर्य समाचार

महोत्तरी । चाडपर्व प्रारम्भ हुन लागेका बेला सकारबाट अनुदान रकम पाएपछि महोत्तरीका उखु किसान प्रसन्न छन् । राज्यबाट अनुदान पाउने कुनै आशाभरोसा नभएको स्थितिमा रकम पाएपछि उनीहरू मखख परेका हुन् ।

आर्थिक वर्ष २०८०/०८१ मा गौशाला-१ स्थित एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजलाई उखु बेचेका किसानले अनुदानबापतको रकम पाएका हुन् । उक्त उद्योगलाई गत वर्ष उखु बेचेका १४ हजार ४४४ किसानका खातामा उनीहरूले बुझाएका उखुको परिमाणअनुसार प्रतिक्विन्टल ७० रुपैयाँका दरले अनुदान रकम दाखिला भएको कोष तथा लेखा नियन्त्रण कार्यालयले जनाएको छ । किसानलाई २० करोड ३३ लाख १५ हजार ८११ अनुदान दिइएको छ ।



कार्यालय प्रमुख बालकृष्ण अधिकारीका अनुसार अनुदान रकम बैंक खाता भएका सबै किसानले पाएका र नहुनेले पनि धमाधम खाता खोल्न थालेका छन् । 'रकम दाखिलाको क्रम जारी छ', उनले भने ।

'दसैंमा कसरी गर्जो टारौं भन्ने थियो, अनुदान रकम आएपछि प्रसन्न छु', भंगहा-४ का उखु किसान अरुण गिरीले भने, 'हामीलाई दसैं उपहार पाएजस्तै भएको छ ।' गिरीजस्तै बर्दिबास-९ पशुपतिनगरका अर्का किसान रामविनोद महतोले पनि चाडपर्वअघि अनुदान रकम पाइँदा राहत मिलेको बताए ।

महोत्तरीमा २ वटा चिनी उद्योग सञ्चालनमा रहेका भए पनि २ वर्षअघि मात्र सञ्चालनमा आएको सिद्धिविनायक चिनी उद्योगले गत वर्ष प्राविधिक गडबडीले उखु क्रसिङ गर्न सकेन । एभरेस्ट चिनी उद्योगले भने २९ लाख ४ हजार ५११ क्विन्टल उखु क्रसिङ गरेर २ लाख ६४ हजार ५११ क्विन्टल चिनी उत्पादन गरेको थियो । गत वर्ष उखुको मूल्य उद्योगले ५४० र सरकारले अनुदान बापत ७० गरी प्रतिक्विन्टल ६१० कायम गरेको थियो । किसानले प्रतिक्विन्टल ७५० हुनपर्ने माग गरेका थिए ।

सरकारले पछिल्ला ३ वर्षयता उखुको अनुदान रकममा प्रति क्विण्टल ५ रुपैयाँ बढाएर ७० पुऱ्याएको हो । उखुको समयमा नै भुक्तानी तथा सरकारबाट अनुदान पनि पाएका यहाँका किसान उखुखेती बिस्तार गर्ने योजनामा रहेका उखु उत्पादक कृषक संघका अध्यक्ष नरेशसिंह कुशवाहाले बताए । हाल यहाँ १० हजार बिघामा उखुखेती भएको छ । उनले उखु उत्पादक किसानको सहभागितामा प्रत्येक वर्ष 'क्रसिङ सिजन'अगावै को मूल्य निर्धारण हुनुपर्नेमा जोड दिए ।

## सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडको शाखा कार्यालयको निर्माण तथा आन्तरिक सजावट सम्बन्धी शिलबन्दी बोलपत्र पेश गर्ने बारेको सूचना

यस सांग्रिला डेभलपमेन्ट बैंक लि. को नेपालगंज रहेको त्रिभुवनचोक शाखा कार्यालयको निर्माण, आन्तरिक सजावट, तथा मर्मत सम्भार लगायतका कार्य गर्ने प्रयोजनको लागि ईच्छुक निर्माण तथा सजावट सम्बन्धी कार्य गर्ने ईजाजत प्राप्त रजिष्टर्ड फर्म र कम्पनीहरुले आफ्नो दर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) तथा मूल्य अभिबृद्धि कर (VAT) प्रमाण-पत्रको प्रतिलिपि, आ.व.२०७९/८० को कर चूक्ताको प्रमाणपत्रको प्रतिलिपी, कम्पनी प्रोफाइल (अनुभव, मुख्य सम्पर्क ब्यक्ति, सम्पर्क नम्बर तथा ठेगाना, जनशक्ति, हाल कार्य गरिरहेको कम्पनीको सिफारिस पत्र) सहितको शिलबन्दी बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र यस बैंकले तोकेको तपसिलमा उल्लेखित कार्यालयहरुको लागि पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

**अन्य थप जानकारीहरु :**

१. बैंकको शाखा कार्यालयको आन्तरीक सजावट, सिभिल कार्य, फनिर्सिङ्ग, इलेक्ट्रिफिकेशन कार्य गर्नको निमित्त संस्थाहरुले आवेदन गर्न सक्नेछन् ।
२. शाखा कार्यालयको निर्माण, आन्तरीक सजावट तथा मर्मत सम्भार लगायतका कार्यको निम्ति आवश्यक विस्तृत स्पेशिफिकेशन/BOQ बोलपत्र खरिदकर्तालाई बोलपत्र फाराम सँग नत्थी गरेर दिइनेछ । सोही BOQ को आधार मा बोलपत्रदाताले कार्यको जम्मा अनुमानित लागत सहित बोलपत्र पेश गर्नुपर्नेछ ।
३. बोलपत्रदाताले बोलपत्र पेश गर्दा जम्मा लागत रकम (मु.अ. कर सहित) को ५% ले हुन आउने बोलपत्र जमानत (Bid Bond) बापतको नगद धरौटी जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको कम्तीमा ३० (तीस) दिनको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।
४. उक्त कार्यको निम्ति दरभाउपत्र पेश गर्न ईच्छुक व्यक्ति, फर्म तथा कम्पनीको आ.ब. २०७९/८० को वार्षिक कारोबार कम्तीमा १ करोड वा २ वटा शाखा कार्यालयको निर्माण, आन्तरीक सजावट, सिभिल फनिर्सिङ्ग, तथा इलेक्ट्रिफिकेशन कार्य गरेको अनुभव हुनुपर्नेछ ।
५. छनौट भएका बोलपत्रदाताले निर्माण सम्झौता गर्नुअघि बोलपत्रको जम्मा लागत रकम (मु.अ. कर सहित) को १०% ले हुन आउने परफरमेण्स बण्ड बापतको नगद धरौटी जम्मा गरेको सक्कल भौचर वा सो मुल्य बराबरको सम्झौता अवधि भरको बैंक ग्यारेण्टी पेश गर्नुपर्नेछ ।
६. बोलपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिन वा बोलपत्र पेश गर्ने अन्तिम दिनको भोलिपल्ट बैंकको केन्द्रीय कार्यालयमा बोलपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहबरमा खोलिनेछ । तर, निजहरुको अनुपस्थितमा पनि बोलपत्रहरु खोल्न बाधा पुग्ने छैन । यदि बोलपत्र खोलिने दिन सार्वजनिक बिदा पर्न गएमा कार्यालय खुलेको पहिलो दिन बोलपत्र खोलिनेछ ।
७. यो सूचनामा छुट्न गएका तथा अन्य विस्तृत शर्त तथा विषयहरु बोलपत्र फाराममा उल्लेख भए अनुसार तथा यस बैंकको आर्थिक प्रशासन विनियमावली, २०७२ बमोजिम हुनेछ ।
८. बोलपत्र फाराम यस बैंकको खाता नं. ९९९-९३०७२०१०४०१०१ (Other Commission Income) मा रु. ५००० जम्मा गरी सोको सक्कल भौचर सामान्य प्रशासन विभाग मा पेश गरी खरिद गर्नसकिनेछ ।
९. रित नपुगेको, जोड रकम नमिलेको तथा कुनै शर्त राखिआएका बोलपत्र उपर कुनै कारवाही हुनेछैन ।
१०. प्राप्त बोलपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने लगायत कारण जनाई नजनाई अस्विकृत गर्न सक्ने सर्म्पूण अधिकार बैंकमा सुरक्षित रहनेछ ।

**सांग्रिला डेभलपमेन्ट बैंक लि.**
**Shangri-la Development Bank Ltd.**
स्थानीय विकासको आधार
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय : बालुवाटार, काठमाण्डौं फोन : ०१-४५२१८६१, ४५२१८६२**

**www.shangrilabank.com**

## शंखरापुर नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### साँखु, काठमाडौं
### बागमती प्रदेश, नेपाल

**श्री, सरोकारवाल सबै,**

**आ.व २०८१|८२ मा खाधान्न बाली अन्तर्गत (गँहु ) को उन्नत वीउ विजन खरिद कार्यमा सहभागी हुन सूचिकृत हुने सूचना**

**सूचना प्रकाशित मिति : २०८१-०६-२१**

प्रस्तुत विषयमा चालु आ.व २०८१/०८२ मा यस शंखरपुर नगरपालिकाका कृषकलाई समयमा नै गुणस्तरीय वीउ उपलव्ध गराउन उन्नत गँहुको वीउ खरिद कार्य गर्नुपर्ने भएको हुँदा सार्बजनिक खरिद ऐन (२०६३) तथा सार्बजनिक खरिद नियमावली २०६४ (संशोधन सहित) अनुसार सार्बजानिक निकायबाट सोही ऐनमा तोकिए बमोजिम हुने खरिद सम्बन्धित कार्य गर्नुपर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म, संस्था, समूह, वीउ बिजनसगँ सम्बन्धित सहकारी वा वीउ विजन कम्पनीले तपसिल अनुसारको शर्तनामाहरु पुरा गरी गहुँको उन्नत वीउ आपुर्ति गर्न योग्य तथा इच्छुक फर्म|कम्पनीहरुले यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र नियमानुसार सूचिकृत हुन यो सूचना प्रकाशित गरिएको छ ।

सूचिकृत हुदाँ पेश गर्नुपर्ने कागजात तथा शर्तनामाहरु

- वीउ व्यवसाय अनुमतिपत्रको प्रतिलिपी तथा नविकरण
- स्रोत वीउ खरिद गरेको स्रोत तथा प्रमाण
- अन्तिम खेत निरीक्षण प्रतिवेदन
- वीउको सम्पूर्ण विश्लेषण उमारशक्ति, भौतिक शुद्धता तथा चिस्यान परिक्षण प्रतिवेदन
- टयाग तथा लेबल भएको सुनिश्चतता
- फर्म दर्ता, व्यवसाय नविकरण भएको प्रमाणपत्र, करचुक्ता प्रमाणपत्र ।

**प्रमुख प्रशासकीय अधिकृत**

## Invitation for Bids

### Katahari Rural Municipality
### Office of the Rural Municipal Executive
### Katahari, Morang

**Invitation for Bids for the Construction of Works mentioned below in the table.**

**Date of publication: 7th Oct, 2024**

1. **Katahari Rural Municipality** invites **electronic bids** from Nepalese eligible bidders for the construction of **Works mentioned below in the table** under National Competitive Bidding procedures. The estimated amount for the works are mentioned below in the table.
2. Eligible Bidders may obtain further information at the office of **Katahari Rural Municipality, Katahari, Morang or through email at kataharigaupalika@gmail.com** or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. **Bidders shall have to submit their bid electronically only. No Hard copy will be provided or accepted in the office.** Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below in the table) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.
**Information to deposit the cost of bidding document in Bank:**
**Name of the Bank: :Rastriya Banijya Bank Limited, Katahari Branch**
**Name of Office: Katahari Rural Municipality, Katahari, Morang**
**Office Account no.: 2190100301010002**
4. Pre-bid meeting shall be held at Office of **Katahari Rural Municipality, Katahari, Morang at 12.00 pm on 27th Oct, 2024.**
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before **12.00 pm, 6th Nov, 2024.**
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend **at 2.00 pm, 6th Nov, 2024** at the office of **Katahari Rural Municipality, Katahari, Morang.** Bids must be valid for a period of **90 days** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a amount specified in the table below which shall be valid for 30 days beyond the validity period of the bid.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in deposit **Account no. 2190100303000002** of office of **Katahari Rural Municipality Morang at Rastriya Banijya Bank Limited**, Katahari Branch and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract Id | Description of Work | Estimated Amount (Rs.) (With VAT) | Bid Security Amount (Rs.) | Cost of bidding document (Rs.) |
|---|---|---|---|---|
| KRM/NCB/W/06/081/082 | Radha Krishna Mandir Dekhi Gramthanko Sima Samma ra Judi Tole Dekhi Hurhuriya Samma Sadak Starunnati, Katahari-07 | 34,93,333.35 | 90,000 | 3,000 |
| KRM/NCB/W/07/081/082 | Inar Sardarko Ghar Dekhi Utar-Dakshin Sadak Starunnati, Asarfi Bishwasko Ghar Dekhi Paschim Bishnudev Rayako Ghar Samako Sadak Kalopatre ra Choudhary Chowk Dekhi Dip Boarding Sammako Batoma Sadak Kalopatre, Katahari-01 & 05 | 69,29,795.81 | 1,75,000 | 3,000 |

**Chief Administrative Officer**

# पत्रकार दर्नालको 'माया पनि बिट्लो' पुस्तक सार्वजनिक



■ सौर्य समाचार

काठमाडौँ । लेखक तथा पत्रकार सुशील दर्नालद्वारा लिखित 'माया पनि बिट्लो' नामक पुस्तक सार्वजनिक गरिएको छ । राष्ट्रिय समाचार समिति (रासस)कर्मी दर्नालले लेखेका हुन् । पुस्तकको सभामुख देवराज घिमिरेले सार्वजनिक गरे । पुस्तकमा विशेष गरी दलित समुदायको उत्पत्ति, इतिहास, सो समुदायको पुर्ख्यौली पेसा, यो समुदायले भोग्दै आएको जातीय भेदभाव तथा छुवाछूतको समस्या, दलित समुदायको आर्थिक राजनीतिक समस्या, दलित र गैरदलितबीच हुने अन्तरजातीय विवाह, अन्तरजातीय प्रेम सम्बन्ध र जातीय कारणले प्रेम सम्बन्ध वा विवाहमा आउने समस्याको बारेमा विस्तृत रूपमा लेखिएको लेखक दर्नालले जानकारी दिए ।

त्यसैगरी दलित समुदायभित्र पनि गन्धर्व समुदायको अवस्था, जातीय भेदभाव तथा छुवाछूत (कसूर र सजाय) ऐन, २०६८ को कार्यान्वयनको अवस्था, दलित समुदायले पाउँदै आएको आरक्षण, अन्तरजातीय प्रेम सम्बन्ध र जातीयताकै कारण सफल हुन नसकेको प्रेम कथा र सार्क मुलुकमा दलित समुदायभित्र पनि दलित महिलाले भोग्नुपरेको समस्याका विषय पुस्तकमा समाहित छन् । विगत डेढ दशकदेखि राससमा समाचार समिति पत्रकारितामा सक्रिय पत्रकार दर्नालको 'माया पनि बिट्लो' दोस्रो पुस्तक हो ।

# 'कपिल शर्मा सो'को दर्शक घट्दै

मुम्बई । द ग्रेट इन्डियन 'कपिल शर्मा सो'को दर्शकमा ठूलो कमी देखिएको छ । यो 'सो' गत सिजनमा शीर्ष १० हिन्दी सोहरूको सूचीमा समावेश भएको थियो । शीर्ष १० मा 'सो' छैटौँ स्थानमा थियो । नेटफ्लिक्समा दर्शक संख्यालाई हेर्ने हो भने सोका २ एपिसोडमा १८ लाख मात्रै भ्युज आएको छ । एपिसोडैपिच्छे भ्युज घटिरहेको छ । गत हप्ता द ग्रेट इन्डियन 'कपिल शर्मा सो'को १ एपिसोडलाई १२ लाखपटक हेरिएको थियो । २ एपिसोडहरू मिलाउँदा भ्युज संख्या १८ लाख पुगेको छ ।

लेखक अमित आर्यनले यस 'सो'को सफलताका लागि कपिल शर्माले आफ्ना सबै सह-कलाकारलाई धन्यवाद दिनुपर्ने बताए । 'द कपिल शर्मा सो' इतिहासको सबैभन्दा भल्गर कमेडी सो हो । हेर्दा यो सामान्य कुराकानीजस्तो देखिन्छ, तर मलाई भन्ने अधिकार छ । मसँग कपिल शर्मा, किकु शारदा र कृष्णा अभिषेकभन्दा धेरै अनुभव छ । यो कार्यक्रममा महिलाको इज्जत हुँदैन ।' उनले भने । कृष्णा अभिषेकको चरित्रले सधैँ तल्लो तहको कुरा गर्ने उनको भनाइ थियो । *(एजेन्सी)*


नेपाल सरकार
**स्वास्थ्य बीमा बोर्ड**
बबरमहल, काठमाडौ

**स्वास्थ्य बीमा कार्यक्रममा सहभागी होऔ , समयमै स्वास्थ्य बीमा गरौँ**

**योगदान रकम तथा सुविधा योजना**

| परिवार सदस्य | योगदान रकम | सुविधा सीमा |
|---|---|---|
| १ देखि ५ जना सम्म | रु.३,५००/- | रु.१,००,०००/- |
| प्रति थप सदस्यको लागि | रु.७००/- | थप सुविधा रकम रु.२०,०००/- |

**अधिकतम सुविधा थैली रु २,००,०००/- सम्म**

- अति गरिब, अति अशक्त अपाङ्गता (रातो कार्ड), कुष्ठरोगी, एच.आई.भी. संक्रमित, जटिल खालका क्षयरोग (एम.डि.आर. टि.बी.) बिरामी , ७० बर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको योगदान रकमको शत प्रतिशत छुट र महिला स्वास्थ्य स्वयंमसेविका संलग्न भएको परिवारको योगदान रकमको पचास प्रतिशत छुट।
- स्वास्थ्य बीमामा सूचिकृत भएका स्वास्थ्य संस्थाबाट नियमानुसार सेवा लिन सकिने र आवश्यकता अनुसार प्रेषणको (Refer) व्यवस्था भएको।

**आबद्धता तथा नविकरण**

- प्रत्येक वडाहरुमा रहने स्वास्थ्य बीमा दर्ता सहयोगीमार्फत स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुन सकिन्छ।
- बीमा नविकरणको लागि सम्बन्धित दर्ता सहयोगी वा अनलाईनमार्फत आफै (Connect IPS, eSewa, Khalti ) पनि गर्न सकिन्छ।

**कार्यक्रमबाट प्राप्त हुने सुविधाहरु**

- बहिरंग (OPD सेवा)
- अन्तरंग सेवा (अस्पतालमा भर्ना भई गरिने सेवा)
- निदात्मक सेवा ( Lab, X-Ray, USG, MRI, CT scan etc)
- आकस्मिक सेवा ( ईमरजेन्सी सेवा), सुविधा थैलीमा उपलब्ध औषधीहरु
- शल्यक्रिया सेवा (विभिन्न साना तथा ठुला)
- शल्यक्रिया सेवा (विभिन्न साना तथा ठुला ) लगायतका सेवाहरु।

**कार्यक्रमले नसमेट्ने सेवाहरु**

- वार्षिक रुपमा बोर्डले तोकेभन्दा बढीको चस्मा, श्रवणयन्त्र, सेतो छडी र वैशाखी
- कस्मेटिक सर्जरी
- आधारभुत स्वास्थ्य सेवा
- निशुल्क उपलब्ध हुने औषधिहरु
- महंगा खालका दन्त उपचार
- कृतम गर्भपतन, कृत्रिम गर्भाधान सेवा।

**स्वास्थ्य बीमा कार्यक्रममा सहभुक्तानी (Copayment )**

**सहभुक्तानी लागू हुने सेवाहरु**
- वहिरंग सेवा
- अन्तरंग सेवा
- निदानात्मक सेवा
- उपचरात्मक सेवा
- सर्जरी
- फिजियोथेरापी
- पुनर्स्थापना सेवा

**सहभुक्तानी लागू नहुने सेवाहरु**
- आकस्मिक सेवा
- निशुल्क स्वास्थ्य कार्यक्रमका सेवाहरु
- प्रबर्द्धनात्मक सेवा जस्तै योगा तथा व्यवहार परिवर्तन सम्बन्धी
- आधारभुत स्वास्थ्य सेवाका औषधि तथा प्रोस्युडर
- महामारी रोगको नियन्त्रण

**सहभुक्तानी लागू हुने सेवाप्रदायकहरु**
- १५ शैया भन्दा माथिकम सबै सरकारी अस्पतालहरु
- सबै निजी तथा सामुदायिक अस्पतालहरु

नोटः सरकारी अस्पतालमा सेवाको १० % र निजी तथा सामुदायिक अस्पतालहरुमा सेवाको २०% सहभुक्तानी लागू हुनेछ र स्वास्थ्य बीमा कार्यक्रममा तोकीएका लक्षित वर्गहरुलाई सहभुक्तानी व्यवस्था लागू हुने छैन।

**विस्तृत जानकारीका लागि**
**फोनः ०१-४१००२२३, टोल फ्रि:१६६००१११२२४, वेबसाईट www.hib.gov.np**



**SAUDI मा रोजगार** **Chicken Day Restaurants to Provide Meals**

पुनः विज्ञापन,पुर्व स्वीकृति मितिः २०८०/१२/२७ चलानी नं.:. ६०२१८०८४ LT No. 303245

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | KITCHEN TOOLS CLEANING WORKER | 1 | 0 | काममा दक्ष | 1000 | ३५,९१६।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | बिदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने विमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | रु.१०,०००।- |

**अन्तरवार्ता २०८१ असोज २८ गते (14 Oct., 2024) यस प्रा. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।**

बैदेशिक रोजगार विभागबाट जराईएको जानकारीः १)आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भरपाई अनिवार्यरुपमा लिनुहोला ।२) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोस् । आफू कठिनाइमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनु होला । ४) विदेश जानुअघि अभिमुखीकरण वा इण्डक्सन तालिम अनिवार्य लिनुहोला ।५) विदेश जानुअघि आफू जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला । सोको १ (एक) प्रति आफुसँग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नु परे बैदेशिक रोजगार विभाग, बुद्धनगर, नयाँबानेश्वरमा सम्पर्क राख्नुहोला ।

TESLA OVERSEAS PVT. LTD.
Govt Lic. No.: 1638/080/81

**TELSA OVERSEAS PVT. LTD.**
Sinamangal-9, Kathmandu, Tel.: 01-5920966, 5920965
Email: info.teslaoverseas@gmail.com, Web: www.teslaoverseas.com.np


# Shivasatakshi Municipality

## Office Of The Municipal Executive

**Koshi Province, Jhapa**

## Invitation for online Bids

**Date of 1st Publication : 2081/06/21 (07-Oct-2024)**

Shivasatakshi Municipality invites electronic bids from eligible bidders for the following procurement work under National Competitive bidding procedures specified in Public Procurement Act 2063 and Regulations 2064.

| Contract Number | Description of Work | Bid Document Fee | Estimated Amount Without Vat & Contingencies | Bid Validity Perid | Minimun Bid Security Amount | Bid Security Validity Perid | Deadline For Submission of Bid | Opening of Bid |
|---|---|---|---|---|---|---|---|---|
| 02/SM/ NCB/Bldg/ 2081/ 82 | Construction of Municipal Building Block B Phase II | Nrs 3000.00 | **Nrs** 1,04,33,572.88 | 90 Days After Bid opening | **Nrs** 2,99,500 | 30 Days beyond the Validity of Bid | 06-Nov-2024 12: 00 Hours | 06-Nov-2024 14: 00 Hours |

**Information to deposit the cost of Bidding document in Bank**

Name of the Bank : Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch
Name of Office : Shivasatakshi Municipality
Office Account no. : **29601400000017**

If Bidder wishes to submit the Cash Security ,the Cash should be deposited in the name of shivasatakshi municipality office, Dharauti account No. **29601400000048** on behalf of of Shivasatakshi Municipality at Nepal Investment Mega Bank Nepal LTD , Byangdada branch and submit the recipt of deposited amount of cash along with sealed Bid.

A complete set of Bidding Documents may be download from PPMO website www.bolpatra.gov.np/egp. Bidder may obtain further information from the office of Shivasatakshi miunicipality, Tel 023-470323 or visit website www. shivasatakshimun.gov.np.

If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission..

The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning reason, whatsoever

**Chief Administrative Officer**

# शंखरापुर नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

**साँखु, काठमाण्डौ**

**बागमती प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सूचना

**सूचना प्रकाशित मिति २०८१/०६/२१**

यस नगरपालिका अन्तर्गत तपसिल बमोजिमको कार्यको लागि मिति २०८१/०४/१५ मा प्रकाशित बोलपत्र आहवान सम्बन्धी सुचना अनुसार e-bidding माध्यमबाट दर्ता हुन आएका बोलपत्रहरुले पेश गरेको प्राविधिक प्रस्तावको मुल्याङकन गर्दा प्राविधिक प्रस्तावमा योग्य तपसिल बमोजिमका बोलपत्रदाताहरुले पेश गरेको आर्थिक प्रस्ताव तपसिल बमोजिमको समय र स्थानमाखोलिने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशन गरिएको छ ।

**तपशिलः**

स्थानः शंखरापुर नगरपालिकाको कार्यालय
मितिः २०८१/07/1 दिनको १ बजे

| सि. नं. | ठेक्का नं. | आयोजनाको नाम | सफल बोलपत्रदाताको नाम र ठेगाना |
|---|---|---|---|
| 1 | SMO/81-82/01 | Upgrading Of Shakhu Bhulbu Moktantol Manichud Sadak | 1) KTM Builders Pvt. Ltd, Madhyapur Thimi Municipality-6, Bhaktapur<br>2) Diamond Sindhu -P.S. JV, Melamchi-13, Sindhupalchok<br>3)Shiva Khimti Construction Pvt. Ltd., Jadibuti, Kathmandu Metropolitan City-32, Kathmandu<br>4)J.S.S. - K.S.M. JV, Kathmandu Metropolitan City-30, Kathmandu |
| 2 | SMO/81-82/02 | Upgrading Of Ittakhel Sadak | 1)Chaulagain/Chandrayan JV Bauddha-6, Kathmandu<br>2)Adreya-Tinbhai-Ghising,JV. Ramechhap.<br>3)Akrit/Omlaxmi JV, Bhaktapur<br>4)BIPU-SAGAR-DhAP JV, Kathmandu<br>5)B.S.P. Nirman Sewa Pvt. Ltd. Kavre<br>6)Dakshinkali -TBS-Kayam JV, Kathmandu<br>7)Devithan Nirman Sewa Pvt. Ltd. Kapan<br>8)PRUNA BINAYAK-J.A ENGINEERING J.V Kathmandu |
| 3 | SMO/81-82/03 | Upgrading Of Khulaltar Sanagaun Ukhutar Sadak | 1) Chaulagain/Chandrayan JV J.VBauddha-6, Kathmandu<br>2)Adreya-Tinbhai-Ghising,JV. Ramechhap.<br>3) Akrit/Omlaxmi JV, Bhaktapur<br>4)ATIT-DHAP-GURU JV, Sindhupalchowk<br>5) B.S.P. Nirman Sewa Pvt. Ltd. Kavre<br>6) Dakshinkali -TBS-Kayam JV, Kathmandu<br>7) Devithan Nirman Sewa Pvt. Ltd. Kapan<br>8) PRUNA BINAYAK-J.A ENGINEERING J.V Kathmandu |

**प्रमुख प्रशासकीय अधिकृत**

सौर्य दैनिक

# आर्थिक



काठमाडौँ–रूम्जाटार हवाई उडान सुरू भएको छ । भाडा दर ४ हजार ५०० रूपैयाँ तोकिएको छ । आइतबार समिट र बुधबार नेपाल एअरलाइन्सले उडान गर्नेछन्

आइतबार नेप्से ५६ दशमलव शून्य ९ अंकले वृद्धि भई २ हजार ६५३ दशमलव ५८ को बिन्दुमा पुगेको छ, भने ६ अर्ब १३ करोड बराबरको कारोबार भएको छ



# नेपाल–बंगलादेशको विद्युत् बिक्री सम्झौताको इप्पानद्वारा स्वागत

iPPAN

नेपालको समृद्धिका लागि ऊर्जा

■ सौर्य समाचार

काठमाडौं । नेपाल र बंगलादेशबीच ४० मेगावाट विद्युत् बिक्री सम्झौता (पिएसए) भएको छ । २ देशबीच भएको विद्युत् बिक्री सम्झौताको स्वतन्त्र ऊर्जा उत्पादकको संस्था, नेपाल (इप्पान) ले स्वागत गरेको छ । गत असोज १६ गते काठमाडौंमा भएको नेपाल बंगलादेश ऊर्जा सचिवस्तरीय संयुक्त निर्देशक समिति (जेएससी) को छैटौं बैठकले नेपाल र बंगलादेशबीच सो सम्बन्धमा गरेको सम्झौताप्रति ऐक्यबद्धता जनाउँदै इप्पानले एक विज्ञप्ती निकालेर स्वागत गरेको हो ।

नेपालको जलविद्युत् क्षेत्रमा लगानीको प्रवर्द्धन गर्नका लागि बंगलादेशको निजी क्षेत्रलाई आकर्षित गर्न व्यावसायिक सम्मेलनको आयोजना गर्ने सम्बन्धमा सम्भावनाको खोजी गर्ने सहमतिले पनि २ देशका निजी क्षेत्रबीचमा सहकार्य र साझेदारी अघि बढाउन सहयोग पुग्ने विश्वास लिएको इप्पानका अध्यक्ष गणेश कार्कीद्वारा जारी गरिएको विज्ञप्तीमा उल्लेख छ । उनले भनेका छन्, 'यो सहमति कार्यान्वयनका लागि नेपालको निजी क्षेत्र तयार रहेको छ, यसका लागि दुवै देशका निजी क्षेत्रबीचमा आवश्यक संयन्त्र निर्माण गरी अघि बढ्न ठोस वातावरण निर्माणका लागि पनि नेपाल र बंगलादेश सरकारलाई हाम्रो अनुरोध छ ।'

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री दीपक खड्का, राज्यमन्त्री पूर्णबहादुर तामाङ र बंगलादेशको अन्तरिम सरकारका जलस्रोत मन्त्री सैयदा रिजवाना हसनको उपस्थितिमा सम्झौता भएको थियो । सम्झौतामा नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङ, भारतको एनटिपिसी विद्युत् व्यापार निगम (एनभिभिएन) का प्रमुख कार्यकारी अधिकृत रेनु नारङ र बंगलादेश पावर डेभलपमेन्ट बोर्ड (बिपिडिबी) का अध्यक्ष मोहमद रिजाउल करिमले सम्झौतामा हस्ताक्षर गरेका हुन् ।

सन् १९७१ देखि नेपाल र भारतबीच विद्युत् आदानप्रदान भएकोमा सन् २०१४ मा २ देशबीच विद्युत् व्यापार सम्झौता (पिटिए) भई अल्पकालीन रूपमा विद्युत् व्यापार हुँदै आएकोमा २०८० पुस १९ गते भारतसँग १० वर्षमा १० हजार मेगावाट बिजुली निर्यातका लागि दीर्घकालीन सम्झौता भइसकेको थियो । बंगलादेशसँग भएको यो सम्झौताले नेपालको बिजुलीको बजार बंगलादेशलाई खुलेको मात्र छैन, २ देशबीच सरकार-सरकारसँगसँगै निजी-निजी क्षेत्रबीचमा ऊर्जा विकास र विस्तारका लागि सहकार्य, साझेदारी र लगानी आदानप्रदानका लागि बाटो खुलेको छ ।

बंगलादेश सरकारले सन् २०३९ भित्र नेपालबाट ९ हजार मेगावाट आयात गर्ने लक्ष्य राखेको छ भने नेपाल सरकारले आगामी १० वर्षभित्र ५ हजार मेगावाट निर्यात गर्ने लक्ष्य राखेको छ । लक्ष्यलाई कार्यान्वयन गर्नका लागि नेपालको निजी क्षेत्र सधैँ तयार रहेको छ ।

सरकारको लक्ष्यलाई कार्यान्वयन गर्नसकेमा २ देश बीचको बिजुली व्यापार बढ्दा नेपालको अर्थतन्त्रमा पनि उल्लेखनीय योगदान पुऱ्याउने दाबी इप्पानको छ ।

इप्पानले भनेको छ, 'अब नेपाल विद्युत् प्राधिकरणले रोकिराखेको विद्युत् खरिद सम्झौताको पूर्ण रूपमा खुल्ला हुनुपर्ने, निजी क्षेत्रलाई विद्युत् निर्यात गर्न अनुमतिपत्र दिने, बैंक तथा वित्तीय संस्थाले ऊर्जामा लगानी बढाउने, सरकारले ऊर्जा उत्पादन गर्न थप सहुलियत घोषणा गर्ने र ऊर्जा आयोजना निर्माणमा हाल देखिएका नीतिगत, प्रशासनिक तथा प्रक्रियागत समस्या समाधान गर्न सरकार तत्पर हुनुपर्नेछ ।' भारत र बंगलादेशमा लक्ष्य अनुसारको निर्यातलाई तत्काल नीतिगत र प्रक्रियागत सुधार गर्न इप्पानले सरकारसँग आग्रह गरेको छ ।

नेपालमा विद्युत् उत्पादन भएको ११३ वर्ष पुगेको छ । हालसम्म करिब ३ हजार २०० मेगावाट विद्युत् उत्पादन क्षमता पुगेकोमा २ हजार ५५० मेगावाट अर्थात् ८० प्रतिशत निजी क्षेत्रबाट उत्पादन भइरहेको छ । हाल निजी क्षेत्रका ४ हजार मेगावाट बराबरका आयोजना निर्माणाधीन अवस्थामा छन् भने १४ हजार मेगावाट बराबरका आयोजना निर्माणमा जान लागेका छन् । ती आयोजनामा लगानीसँगै निर्माण, परामर्शदाता, इक्वेपमेन्ट आपूर्ति लगायतका अवसरहरू पनि छन् । यी अवसरमा बंगलादेशको निजी क्षेत्र र नेपालका निजी क्षेत्रले सहकार्य र साझेदारी गर्ने सम्भावना धेरै छ । यसका लागि पनि बंगलादेशका निजी क्षेत्रलाई इप्पानले आग्रह गरेको छ ।

## व्यापारीको गुनासो:

# सोचेजस्तो छैन व्यापार



■ सौर्य समाचार

काठमाडौं । 'रोजी रोजी र छानी छानी, आउनुहोस् आधा छुटमा सामान लैजानुहोस्' न्युरोडका फेन्सी व्यापारी आरब रेग्मीले ग्राहकलाई यसैगरी लोभ्याइरहेका छन् । तर ग्राहकको संख्या भने पातलो छ । दसैं र तिहारजस्ता चाडपर्वमा राम्रो व्यापार गर्ने व्यापारीको लक्ष्य हुन्छ । तर यसपटक भने राम्रो व्यापार नभएको उनको अनुभव छ । उनले भने, '२-४ रुपैयाँ कमै नाफा खाएर सामान कटाउने योजना हो तर यसपाली व्यापार कम छ ।' पर्वको मुखैमा प्राकृतिक विपत्को असर बजारमा देखिएको उनको भनाइ छ । यद्यपि फूलपाती सुरु भएपछि व्यापार बढ्छ कि भन्ने उनको झिनो आशा छ ।

दसैंमा किनमेलका लागि न्युरोडमा भेटिएकी नुवाकोटकी सुनिता छिनाललाई आफ्नो भन्दा छोराछोरीको खुसी महत्वपूर्ण लाग्छ । चिसो मौसम सुरु भएकाले दसैंमा छुटको मौका छोपेर बालबच्चाका लागि लुगाफाटा किन्ने गर्छिन् । उनले भनिन्, 'आफ्नो भन्दा छोराछोरीलाई दसैंमा खुसी पार्न पाए हुन्थ्यो भन्ने लाग्छ ।' ठमेलमा किनमेल गर्न पुगेका गोपाल बुढाथोकीले यसपालि मूल घर सर्लाही नजाने बताए । बाढीपहिरोका कारण बाटो राम्रो नभएकाले आफू घर नजाने उनले बताए । 'काठमाडौंमा जे जति परिवारका सदस्य छन्, सबै मिलेर यतै दसैं मनाउने सोचमा छौं', उनले भने, 'किनमेल पनि भर्खरै सुरु हुँदै छ ।' उनले जाडोको लुगा भने दसैंको पर्व छोपेर खरिद गर्ने गरेको बताए । पर्वमा भारी छुट पाउने हुँदा उनलाई आवश्यक सामग्री किन्न मनपर्ने सुनाए ।

काभ्रेपलाञ्चोककी रोशनी तामाङले यो दसैंमा किनमेलमा खासै जोड नदिएको बताइन् । ठमेल कालापत्थरमा जाडोमा लगाउने ज्याकेट खरिद गर्न आएकी उनले सामान्य खर्चमा दसैं टार्ने योजना रहेको सुनाइन् । गाउँ बाढीका कारण तहसनहस भएपछि उनलाई यसपालीको दसैं मनाउने जाँगर चलेको छैन । दसैं पनि काठमाडौँमै मनाउने योजना रहेको उनले सुनाइन् । उनले भनिन्, 'आफन्ती सबै दुःखमा छन्, दसैं मनाउनु कसरी ?'

भृकुटीमण्डका व्यापारी जीवन राईले विगतको तुलनामा व्यापार आधा घटेको बताए । कोभिडको बेलामा जुन खाले आर्थिक मर्का परेको थियो त्यस्तै, असर बजारमा फेरि देखापरेको उनको अनुभव छ । उनले भने 'मान्छेहरूको चहलपहल त छ, तर व्यापार सोचेजस्तो छैन ।'


## दसैंका लागि खसीबोका र च्यांग्राको बिक्री सुरु

काठमाडौं । खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडले आइतबारदेखि दसैंका लागि खसीबोका र च्यांग्राको बिक्री सुरु गरेको छ । कम्पनीले जिउँदो खसीबोकाको मूल्य प्रतिकेजी ६७० रुपैयाँ र च्यांग्राको १ हजार २३० रुपैयाँ मूल्य निर्धारण गरेको छ ।

उपभोक्ताका लागि उक्त मूल्यमा प्रतिकेजी १० रुपैयाँ छुट गरी क्रमशः ६६० र १ हजार २२० रुपैयाँ तोकिएको छ । काठमाडौँको थापाथलीस्थित प्रादेशिक खाद्य व्यवस्था तथा व्यापार कम्पनीले हालसम्म २०८ वटा खसीबोका र २८५ वटा च्यांग्रा ल्याइसकेको जनाइएको छ । यस्तै अन्य खसीबोका र च्यांग्रा ल्याउने क्रम जारी रहेको कार्यालयको भनाइ छ । दसैंको समयमा कम्पनीले प्रत्येक वर्ष खसीबोका र च्यांग्रा खरिद गरेर सुपथ मूल्यमा बिक्री गर्दै आएको छ ।

सिङमा हरियो रङ लगाएका खसीबोका किन्न सुझाव

पशु सेवा विभागले उपभोक्ताको स्वास्थ्यलाई दृष्टिगत गर्दै खसीबोका बिक्री भइरहेका स्थानमा पशुचिकित्सकको टोली खटाएर अनुगमन एवं परीक्षण गरिरहेको छ । टुकुचामा खसीबोका स्वास्थ्य परीक्षण गरिरहेका पशु चिकित्सक योगेन्द्रप्रसाद शर्माले भने, 'स्वस्थ खसीबोका बिक्री हुन्छन्, बिरामी बेच्न दिइन्न ।' विभागले स्वस्थ खसीबोकाको सिङमा हरियो र बिरामीलाई रातो रङ लगाएको बताउँदै स्वस्थ चौपाया खरिद गर्न सुझाए ।



# आइएमई ग्रुपको ५ करोड सहयोग

■ सौर्य समाचार

काठमाडौं । ग्लोबल आइएमई ग्रुपले प्रधानमन्त्री दैवीप्रकोप उद्धार कोषमा पाँच करोड हस्तान्तरण गरेको छ । सो रकमको चेक आइतबार प्रधानमन्त्री केपी शर्मा ओलीलाइ हस्तान्तरण गरिएको हो ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, सिंहदरबारमा ग्रुपका अध्यक्ष चन्द्रप्रसाद ढकालले सो चेक हस्तान्तरण गरेका हुन् । उक्त रकम हालैको बाढी, पहिरो र विपद्पछि सञ्चालित उद्धार कोषमा जम्मा भएको सहयोग भएकामध्ये सबैभन्दा बढी हो ।

यसैगरी, आजै नेपाल इन्स्योरेन्सकातर्फबाट अध्यक्ष लक्ष्मण पौडेलले रु ५० लाख, एनएमबी बैंकका अध्यक्ष मनोज गोयलले रु ५१ लाख र मेटलाइफ इन्स्योरेन्सका उपाध्यक्ष निर्मलकाजीश्रेष्ठले रु २५ लाख हस्तान्तरण गरे । उक्त रकमसहित आजसम्म कोषमा हस्तान्तरण भएको रकम रु १० करोड २६ लाख पुगेको छ ।

## कर्पोरेट

### अल्ट्रभोइलेट युभी स्पेस पोडको शाखा नेपालमा

काठमाडौं । नेपालमा अल्ट्रभोइलेट युभी स्पेस पोडले काठमाडौँको नारायणचौर नक्सालमा शाखा बिस्तार गरेको छ । विश्वमा ५० अत्याधुनिक केन्द्र खोल्ने लक्ष्यका साथ अल्ट्रभोइलेट युभी स्पेस पोडले नेपालमा आफ्नो शाखा बिस्तार गरेको हो ।

युरोप तथा भारतमा सफल परीक्षण भएर सञ्चालनमा आइसकेको अल्ट्रभोइलेट नेपालका लागि केडिया समूहले साझेदारी गरी सञ्चालनमा ल्याएको हो । केडिया समूहले अन्तर्राष्ट्रिय स्तरको अल्ट्रभोइलेट विस्तारगरी पूर्ण रूपमा आइतबारबाट सञ्चालनमा ल्याएको हो । सोही अवसरमा २ जना ग्राहकलाई बाइकको चाबी हस्तान्तरण गरिएको थियो ।

### एनसेलकी विशाखा खड्काले जितिन् अवार्ड




काठमाडौं । एनसेलकी कर्पोरेट कम्युनिकेसन्स एन्ड सिएसआर हेड विशाखा लक्ष्मी खड्का बेलायतको वुमन्स ट्याब्लोइडले प्रदान गरेको 'वुमन्स् ट्याब्लोइड अवार्ड्स २०२४' बाट सम्मानित भएकी छन् । उनले 'बेस्ट वुमन सस्टेनेबिलिटी लिडर-टेलिकम' विधाअन्तर्गत यो अवार्ड पाएकी हुन् । यो अवार्ड उनले सामाजिक क्षेत्रमा गरेका महत्वपूर्ण कार्यहरू र ती कार्यहरूको प्रभावको सम्मान भएको एनसेलले जनाएको छ ।

अर्वाड टिम एनसेलले गरेको सामुहिक प्रयासको नतिजा भएको र हामीले गरेका सामाजिक पहलहरूले अन्तर्राष्ट्रिय मान्यता पाएकोमा खुसी लागेको लक्ष्मी खड्काले बताइन् । एनसेलले प्रत्यक्ष र अप्रत्यक्ष रूपमा १ करोड ३० लाखभन्दा बढी नेपालीलाई सकारात्मक प्रभाव पार्दै देशैभरी १०० भन्दा बढी सामाजिक परियोजनाहरू कार्यान्वयन गरेको छ ।

### बिवाइडीले १ दिनमै डेलिभरी गऱ्यो १३२ युनिट इभी



काठमाडौं । इलेक्ट्रिक सवारी साधन (इभी) निर्माता कम्पनी बिवाइडीले नेपालमा १ दिनमै १३२ युनिट इभी डेलिभरी गरेको छ । बिवाइडीको नेपालका लागि आधिकारिक वितरक साइमेक्स इंकले देशभर रहेका डिलर नेटवर्कमार्फत एकैदिन १३२ युनिट इभी डेलिभरी गर्न सफल भएको हो । दसैं शुभारम्भको पहिलो दिन घटस्थापनाको अवसरमा कम्पनीले महत्वपूर्ण उपलब्धि हासिल गरेको कम्पनीले जनाएको छ । यसले नेपाली इलेक्ट्रिक मोबिलिटीको क्षेत्रमा बिवाइडीको बढ्दो लहरलाई दर्शाउने कम्पनीको दाबी छ । साइमेक्स इंकका नेसनल सेल्स हेड आशुतोष गौतमले एकैदिन १३२ इभी डेलिभरी गर्न पाउनु बिवाइडीको लागि गर्वको दिन भएको बताए । पछिल्लो समयमा वीरगन्ज, बनेपा र जनकपुर लगायतका स्थानमा सोरुम बिस्तार गरेर बिवाइडी नेपालभर बिस्तार भइरहेको कम्पनीले जानकारी दिएको छ ।

## कृषि तथा घरेलु उद्यमी मेला

# स्थानीय खाना र मौलिक उत्पादनमा आकर्षण

■ सौर्य समाचार



काठमाडौं । राष्ट्रिय सभा गृहमा दोस्रो जिल्लास्तरीय उद्योगी मेला र दसैं महोत्सव चलिरहेको छ । 'नेपाली उत्पादनको प्रवर्द्धन हाम्रो अभियान' भन्ने मूल नाराका साथ घरेलु तथा साना उद्योग संघ काठमाडौं र काठमाडौं महानगरपालिकाको संयुक्त आयोजनामा सो मेला सुरु भएको हो । आगामी २४ असोजसम्म चल्ने कृषि तथा घरेलु उद्यमी मेला र दसैं महोत्सव २०८१ मा स्थानीय खानाका परिकार, अल्लो, ढाका र गार्मेन्टका मौलिक उत्पादन, अचार, छोप, मह, कृष्टलका गहना, ओखलमा प्रत्यक्ष कुटेका च्युरा लगायतमा अवलोकनकर्ताहरूको आकर्षण देखिएको छ ।

यस्तै प्रदर्शनीमा सिस्नो, केरा, गाँजा, बाँस, केतुकी, भुँइकटहर लगायतका प्राकृतिक रेशाबाट बनेका कपडाका उत्पादन, कर्णाली तथा हिमाली क्षेत्रका मौलिक परिकार तथा अन्य उत्पादन, नेपाली जुत्ता उपभोक्ताहरूले मन पराएका छन् । काठमाडौं महानगरपालिकाका ३२ वटै वडाका लघु, घरेलु, साना तथा महिला उद्यमीहरूको सहभागितामा आयोजना गरिएको औद्योगिक प्रदर्शनीमा सबै वडामा सञ्चालित उद्योगहरूको सहभागिता रहेको छ ।

घरेलु तथा साना उद्योग संघ काठमाडौंका सचिव तथा मेला संयोजक जितेन्द्रकुमार श्रेष्ठले काठमाडौं महानगरपालिकाका ३२ वटै वडाका लघु, घरेलु, साना तथा महिला उद्यमीहरूको सहभागितामा आयोजना गरिएको औद्योगिक प्रदर्शनीमा सबै वडामा सञ्चालित उद्योगहरूको सहभागिता रहेको बताए । काठमाडौं महानगरपालिका सामाजिक विकास विभाग प्रमुख समिक्षा निरौलाले अर्थतन्त्रमा महत्वपूर्ण योगदान पुऱ्याउने लघु, घरेलु तथा साना उद्योहरूको प्रवर्द्धन र बजारीकरणमा सघाउन प्रदर्शनी आयोजना गरिएको बताइन् । घरेलु तथा साना उद्योग संघ काठमाडौँकी अध्यक्ष पद्मकुमारी कार्कीले घरेलु तथा साना उद्यमीद्वारा उत्पादन गरिएका वस्तुहरूलाई प्रवर्द्धनका साथै बजारीकरण गरी स्वदेशी उद्योगद्वारा उत्पादित वस्तुहरूको उपभोगमा वृद्धि गरी बेरोजगारीलाई केही हदसम्म कमी ल्याउने उद्देश्य रहेको बताइन् । काठमाडौं जिल्लाका चन्द्रागिरी नगरपालिका, टोखा नगरपालिका, नागार्जुन नगरपालिका, उद्योग तथा वाणिज्य कार्यालय काठमाडौंको सहकार्य र सहआयोजना रहेको प्रदर्शनीमा बढीभन्दा बढी स्वदेशी तथा विदेशी नागरिकहरूलाई अवलोकन गराई नेपाली उत्पादन तथा वस्तुहरूको ब्रान्डिङका साथै पहिचान गराउने मेलाको उद्देश्य रहेको संघकी अध्यक्ष कार्कीले बताइन् ।

प्रदर्शनीमा लघु घरेलु तथा साना उद्योगका उत्पादन, स्थानीय खानाका परिकार तथा मौलिक उत्पादन, प्राकृतिक रेशाजन्य उत्पादन, स्वदेशी जुत्ता, अचार, छोप, फेल्ट, ढाका र अल्लो, जुम्ला र मुस्ताङका अर्गानिक उत्पादन, कस्मेटिक, गार्मेन्ट, हस्तकलाका उत्पादन, अर्गानिक फलफुल, चोयाको सामान, तयारी पोसाक, कृस्टलका गहना तथा सामग्री, ढाकाका कपडा, ओखलमा कुटेका च्युरा, अर्गानिक अचार र छोप, मखमलका जुत्ता लगायतका उत्पादन, काष्ठकलाका सामग्री, प्लास्टिकबाट पुनःप्रयोगबाट बनाइएका कलात्मक वस्तु, बाँसको जराबाट बनाइएका कलात्मक वस्तु लगायतका ७० वटा स्टल रहेका छन् ।

www.souryaonline.com
का.जि.प्र.का.द.नं. ०११/०५३/०५४ गो.हु.का.द.नं. ०७/०८०/०८१

# सौर्य खेलकुद



इंग्लिस प्रिमियर लिगअन्तरगत लिभरपुल र क्रिस्टल प्यालेसबीचको खेल



स्पेनिस ला-लिगाअन्तर्गत भिल्लारियलविरुद्ध भएको खेलमा गोल गरेपछि रियल म्याड्रिडका भिन्सियस जुनियर

# युरोपमा शीर्ष क्लबहरूको जित



■ एजेन्सी

लन्डन । इंग्लिस प्रिमियर लिग फुटबलमा आर्सनल र म्यान्चेस्टर सिटीले जित निकालेका छन् । शनिबार राति भएको खेलमा आर्सनलले साउथह्याम्प्टनलाई ३-१ र सिटीले फुलहमलाई ३-२ गोलले पराजित गरेको हो । घरेलु मैदान इमिरेट्समा आर्सनललाई जित दिलाउन काई हाभेट्ज, गाब्रियल मार्टिनेली र बुकायो साकाले गोल गरे । साउथह्याम्प्टनका कामरोन आर्चरले १ गोल फर्काए । जितसँगै आर्सनल ७ खेलबाट १७ अंकका साथ तालिकाको तेस्रो स्थानमा छ । साउथह्याम्प्टन १ अंकका साथ १९औं स्थानमा छ । यसैगरी घरेलु मैदान इतिहाडमा सिटीलाई जित दिलाउन माटिओ कोभासिचले २ तथा जेरेमी डोकुले १ गोल गरे । फुलहमका एन्ड्रियास परेइरा र रोड्रिगो मुनिजले गोल गरे पनि टोलीको हार टार्न सकेनन् । जितसँगै सिटी ७ खेलबाट १७ अंकका साथ तालिकाको दोस्रो स्थानमा छ । फुलहम समान खेलबाट ११ अंकसहित सातौं स्थानमा छ ।। इंग्लिस प्रिमियर लिग फुटबलमा लिभरपुलले जित निकालेको छ ।

शनिबार नै सम्पन्न खेलमा लिभरपुलले क्रिस्टल प्यालेसलाई उसकै घरेलु मैदानमा १-० गोलले हराएको हो । लिभरपुललाई जित दिलाउन १ मात्र गोल डिओगो जोटाले गरे । उनले खेलको नवौं मिनेटमा गोल गरेका थिए । जितपछि शीर्षस्थानमा रहेको लिभरपुलले ७ खेलबाट १८ अंक जोडेर दुरी बढाएको छ । प्यालेस ३ अंकका साथ १८औं स्थानमा छ ।

स्पेनिस ला-लिगाको रियल म्याड्रिडले अपराजित यात्रा कायम नै राखेको छ । शनिबार राति भएको खेलमा रियल म्याड्रिडले भिल्लारियललाई २-० ले हरायो । सो खेलमा रियल म्याड्रिडका डानी काभाजाल अन्तिम समयमा घाइते हुने रियलका लागि दुःखद् बनेको थियो । येरेमी पिनोसँग ठोक्किएर पिचबाट स्ट्रेचरमा बाहिर निस्केका उनको आँखा भरी आँसु भरिएको थियो ।

रियलले १४औं मिनेटमा फेडेरिको भाल्भेड्रोको गोलमा अग्रता लिएको थियो । सो बल भिल्लारियलका रक्षक एलेक्स बेनालाई डिफ्लेक्ट हुँदै गोलमा परिणत भएको थियो । त्यसको १ मिनेटपछि नै भिल्लारियल बराबरी गोलको नजिक नपुगेको होइन । परन्तु बेनाको क्रसमा निकोलास पेपेको हेड क्रस बारमा लागेको फर्केपछि रियलको संकट टरेको थियो । भिन्सियस जुनियरले खेल सकिन १७ मिनेट बाँकी रहँदा रियलका लागि अर्को गोल गरेका थिए । शनिबार भएका स्पेनिस ला-लिगका अन्य खेलमा इस्पोनियोलले रियल मालोर्कालाई २-१ ले हराउँदा रायो भाल्कानोले रियल भालाडोलिडलाई २-१ पराजित गऱ्यो । सेल्टा भिगोले लास पल्मासलाई १-० ले, हराउँदा गेटाफे र ओसासुनाबिचको खेल १-१ गोलको बराबरीमा सकियो ।

# एनपिएलको तयारी तीव्र आइतबार सकियो अक्सन









■ सौर्य समाचार

काठमाडौं । लुम्बिनी लायन्सले राष्ट्रिय क्रिकेट टिमका पूर्वराष्ट्रिय क्रिकेट खेलाडी शक्ति गौचनलाई कन्सल्टेन्ट प्रशिक्षक नियुक्त गरेको छ । लुम्बिनी लायन्सका मालिक ईश्वर जिसी र शक्ति गौचनले सम्झौता पत्रमा हस्ताक्षर गरे । यो सम्झौता १ वर्षको लागि गरिएको हो ।

भैरहवाका शक्तिलाई सुरूआतदेखि नै लुम्बिनीले आफ्नो टिममा अनुबन्धित गर्न अनुरोध गरेको टिमले जनाएको छ । लुम्बिनीसँग आवद्ध हुन पाउँदा निकै खुसी लागेको र नेपाल प्रिमियर लिग जस्तो मेगा इभेन्ट गरेकोमा शक्तिले नेपाल क्रिकेट संघ क्यानलाई धन्यवाद दिए ।

कार्यक्रममा नेपाल क्रिकेट संघ क्यानका सचिव पारस खड्काले नेपाली क्रिकेटको सफलतामा शक्ति गौचनको योगदान महत्वपूर्ण रहेको बताए । लुम्बिनीको मार्की खेलाडी राष्ट्रिय क्रिकेट टिमका कप्तान रोहितकुमार पौडेल हुन् । लुम्बिनीको स्वामित्व फर्चुन हेल्थ केयर प्रालिसँग रहेको छ । नेपाल क्रिकेट संघ क्यानद्वारा आयोजित नेपाल प्रिमियर लिग १५ मंसिरदेखि ६ पुससम्म हुनेछ ।

यसै लिगका लागि पोखरा एभेन्जर्सले रिजन प्रजुलाई सहायक प्रशिक्षक नियुक्त गरेको छ । एभेन्जर्सले सामाजिक सञ्जालमार्फत रिजन सहायक प्रशिक्षक नियुक्त गरेको जनाएको हो ।

गण्डकी प्रदेशमा मुख्य प्रशिक्षकसमेत रहेका रिजनले राष्ट्रिय महिला टोलीको सहायक प्रशिक्षकको भूमिका निर्वाह गरिसकेका छन् । उनले आइसिसी लेभल-२ कोर्स पनि गरेका छन् । सहायक प्रशिक्षक नियुक्त भएसँगै रिजनले टोलीको सफलता र वृद्धिमा योगदान गर्न पाउँदा उत्साहित भएको बताए ।

'मलाई सहायक प्रशिक्षकको रूपमा सेवा गर्ने अवसर दिनुभएकोमा म पोखरा एभेन्जर्सप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । म टोलीको सफलता र वृद्धिमा योगदान गर्न पाउँदा उत्साहित छु', उनले भने ।

पोखरा एभेन्जर्स नेपाल टी-२० क्रिकेट प्राइभेट लिमिटेडको स्वामित्वमा रहेको छ । एभेन्जर्सको मार्की खेलाडीको रूपमा कुशल भुर्तेल छन् । ८ फ्रेन्चाइज टोली सहभागी एनपिएलको अक्सन आइतबार काठमाडौंमा भयो । अक्सनमा १४२ खेलाडी सहभागी छन् । सोही अक्सनमा नेपाली राष्ट्रिय टिमका स्पिनर ललित नारायण राजवंशी नेपाल प्रिमियर लिग (एनपिएल) मा उच्चतम मूल्यमा बिक्री भएका छन् । ८ वटै टिमले उनलाई १५ लाखमा खरिद गर्न तयार भएपछि गोलाप्रथाबाट जनकपुर बोल्ट्सले खरिद गरेको हो ।

'ए' क्याटेगोरीमा रहेका राजवंशीको बेस प्राइस १० लाख थियो । उनलाई सबै ८ वटै टिमले १५ लाख रुपैयाँ हाल्न तयार भए पनि गोलाप्रथाबाट निर्णय गरिएको थियो । गोलाप्रथामा जाँदा काठमाडौंले भने हात झिकेको थियो ।

विराटनगरले भने तीव्र गतिका बलर प्रतिश जिसीलाई नेपाल प्रिमियर लिग (एनपिएल)का लागि अनुबन्ध गरेको छ । आइतबार भएको अक्सनमा उनी १५ लाख रुपैयाँमा विराटनगरमा आवद्ध भएका हुन् । बायाँ हाते बलर प्रतिश पछिल्लो २ वर्षमा नेपाली टोलीमा थिए ।

क्याटेगोरी 'ए' मा रहेका उनलाई अक्सनमा काठमाडौं, सुदूरपश्चिम र विराटनगर किंग्सबीच प्रतिस्पर्धा भएको थियो । लक्की ड्र मार्फत विराटनगरले पाएको हो ।

लुम्बिनी लायन्सले नेपालका बायाँ हाते स्पिनर सूर्य तामाङलाई १५ लाख रुपैयाँमा अनुबन्धित गरेको छ । तामाङले एनपिएल अक्सनका लागि 'ए' क्याटेगोरीको न्यूनतम मूल्य १० लाख राखेका थिए । उनलाई किन्न लुम्बिनी, काठमाडौं र पोखराबीच प्रतिस्पर्धा भएको थियो । चिट्ठा उनी लुम्बिनीमा परेका हुन् । बागमतीबाट घरेलु क्रिकेट खेल्ने सूर्य पछिल्लो समय निरन्तर राम्रो प्रदर्शन गर्दै आएका छन् ।

राष्ट्रिय क्रिकेट टोलीका विकेटकिपर लोकेश बम विराटनगर किंग्समा अनुबन्ध भएका छन् । अक्सनमा उनी गोलाप्रथाबाट विराटनगरमा अनुबन्ध भएका हुन् । उनलाई खरिद गर्नका लागि सुदूरपश्चिम,, काठमाडौं, लुम्बिनी, विराटनगर, पोखरा, चितवन र कर्णालीले प्रतिस्पर्धा गरेका थिए । जनकपुरले भने उनलाई खरिद गर्नका लागि इच्छा देखाएन ।

यसैबीच बमलाई विराटनगरले १५ लाख रुपैयाँमा खरिद गरेको हो । नेपाल क्रिकेट संघ (क्यान) को आयोजनामा भइरहेको अक्सनमा सहभागी ८ टिमले समान १० खेलाडी खरिद गर्दैछन् ।

पछिल्लो वर्ष नेपाल टी-२० लिग भए पनि विवादपछि दोस्रो संस्करण हुनै सकेन । मार्की खेलाडीमा कुशल भुर्तेल पोखरा एभेन्जर्स, करण केसी काठमाडौं गुर्खाज, कुशल मल्ल चितवन राइनोज, रोहित पौडेल लुम्बिनी लायन्स, सन्दीप लामिछाने विराटनगर किंग्स, आसिफ सेख जनकपुर रोयल्स, सोमपाल कामी कर्णाली याक्स र दीपेन्द्रसिंह ऐरी सुदूरपश्चिम रोयल्स रहेका छन् ।

यसरी आइतबारको अक्सनमा फास्ट बलर रिजन ढकाल बोलकबोलमा बिक्री हुने पहिलो खेलाडी बने । ढकाललाई चितवन राइनोजले १० लाखमा खरिद गरेको हो । उनी हाल नेपालको राष्ट्रिय टिममासमेत छन् । रिजनले नेपाली राष्ट्रिय टीमबाट २ एकदिवसीय र ३ टी-२० अन्तर्राष्ट्रिय खेलिसकेका छन् । हालसम्म उनले टी-२० अन्तर्राष्ट्रियमा ४ र एकदिवसीयमा १ विकेट लिएका छन् । ढकाल देब्रे हाते बलर हुन् ।

विश्व

# लेबनानमा इजरायलको बमबारी

■ एजेन्सी



बेरुत । लेबनानमा इजरायलको बमबारी जारी छ । इजरायली सेनाले शनिबार राति अबेरसम्म लेबनानमा बमबारी गरिरहेको थियो । शनिबार राति इजरायलले लेबनानको राजधानी बेरुतको दक्षिणी क्षेत्रमा ३० भन्दा बढी हवाई हमला गरेको बिबिसीले जनाएको छ ।

बेरुतको दक्षिणी क्षेत्रमा हिजबुल्लाहको बलियो उपस्थिति रहेको मानिन्छ । यी हवाई हमलाका क्रममा बेरुतका धेरै क्षेत्रमा आगो र धुवाँ देखिएका छन् ।

धेरै भिडिओमा लगातार विस्फोटका कारण बेरुतमा मानिसहरू यहाँबाट उता दौडिरहेको देखिन्छ । बिबिसी संवाददाताका अनुसार इजरायलले लेबनानका पेट्रोल पम्प वा हतियार रहेका स्थानमा आक्रमण गरेको छ ।


इजरायल डिफेन्स फोर्स (आइडिएफ) ले इजरायली सहर किरियत समोनालाई लक्ष्य गरी हिजबुल्लाहले ३० रकेट प्रहार गरेको जनाएको छ । अधिकांश क्षेत्र खाली गरिसकिएको छ । हिजबुल्लाहले इजरायली सेना लेबनानको एउटा गाउँमा घुसपैठ गर्ने प्रयास गरेको तर आफूलाई निकालेको दाबी गरेको छ ।

हालै इजरायली हमलामा हिजबुल्लाहका प्रमुख हसन नसरल्लाह मारिएपछि इरानले पनि इजरायलमा धेरै रकेट प्रहार गरेको थियो । इजरायलले यमनमा पनि हुथी विद्रोहीविरुद्ध बमबारी गरेको छ ।

इजरायल र हिजबुल्लाहबीच जारी युद्धका बीच २ लाखभन्दा बढी मानिस लेबनान छाडेर सिरिया गएका छन् । संयुक्त राष्ट्रसंघका अनुसार इजरायली हवाई आक्रमणका कारण २ लाखभन्दा बढी मानिस लेबनान छोडेर छिमेकी सिरिया गएका हुन् ।

शरणार्थीका लागि संयुक्त राष्ट्रसंघीय उच्चायुक्त फिलिपो ग्रान्डीले जारी गरेको अपडेटमा लेबनानी नागरिक र लेबनानमा बसोबास गर्ने सिरियाली नागरिक पनि लेबनान छाड्नेमा छन् । शुक्रबार इजरायलले २ देशबीचको मुख्य सीमा नाकालाई निशाना बनाएर हवाई हमला गरेपछि सवारी साधनको आवतजावत ठप्प भएको छ । इजरायली सेनाले भने मस्ना क्रसिङनजिकै हिजबुल्लाहको स्थानलाई निशाना बनाएको दाबी गरेको छ ।

# माल्दिभ्सका राष्ट्रपति भारत भ्रमणमा



■ एजेन्सी

माले । माल्दिभ्सका राष्ट्रपति मोहम्मद मुइज्जु आइतबार प्रथम महिला साजिदा मोहम्मदसँग भारतको राजकीय भ्रमणका लागि प्रस्थान गरेको राष्ट्रपति कार्यालयले जनाएको छ । यो मुइज्जुको भारतको पहिलो द्विपक्षीय भ्रमण हो । 'राष्ट्रपति डा. एम. मुइज्जु र प्रथम महिला साजिदा मोहम्मद गणतन्त्र भारतको राजकीय भ्रमणका लागि प्रस्थान गर्नुभयो', माल्दिभ्सको राष्ट्रपति कार्यालयले सामाजिक सञ्जाल एक्समा भनेको छ, 'भारतका राष्ट्रपति द्रौपदी मुर्मूको निमन्त्रणामा यो भ्रमण भएको हो र यो राष्ट्रपति मुइज्जुको भारतको पहिलो द्विपक्षीय भ्रमण हो ।' हालै न्युयोर्कमा भएको ७९औं संयुक्त राष्ट्रसंघीय महासभाको साइडलाइनमा मुइज्जुले जतिसक्दो चाँडो भारत भ्रमण गर्ने योजना बनाइरहेको बताएका थिए । उनले २ मुलुकबीच 'धेरै बलियो' द्विपक्षीय सम्बन्धको समेत प्रशंसा गरे ।

मुइज्जुले यस वर्ष भारत भ्रमण गरेको यो दोस्रोपटक हुनेछ । यसअघि गत जुनमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको शपथ ग्रहण समारोहमा उनले भारत भ्रमण गरेका थिए । यसअघि माल्दिभ्सका प्रायः हरेक राष्ट्रपतिले आफ्नो पहिलो विदेश भ्रमण भारतमा गर्ने गरेका थिए तर मुइज्जुले पदभार ग्रहण गरेपछि पहिले टर्की र त्यसपछि चीनको भ्रमण गरेर यो परम्परालाई तोडे ।

माल्दिभ्समा मोहमम्मद मुइज्जु सरकारले भारतसँगको सम्बन्ध बिग्रिएर कूटनीतिक विवाद उत्पन्न भएपछि मेलमिलापको दृष्टिकोण अपनाएको छ । सत्तामा आएपछि मुइज्जुले भारत-माल्दिभ्स सम्बन्धको दृष्टिकोणबाट केही अपरम्परागत कदम चालेका छन् । राष्ट्रपति निर्वाचनका क्रममा उनले आफ्नो अभियान 'इन्डिया आउट' का रूपमा चलाए । माल्दिभ्सबाट भारतीय सैनिकहरू हटाउने उनको पार्टीको प्रमुख निर्वाचन अभियान थियो ।

# भारतका अलरान्डर दुबे घाइते

■ एजेन्सी



नयाँ दिल्ली । भारतका अलराउन्डर शिवम दुबे बंगलादेशसँगको टी-२० सिरिजबाट बाहिरिएका छन् । बिसिसिआईले ढाडको चोटका कारण शिवम दुबे टी-२० सिरिजमा सहभागी नहुने बताएको छ । उनको स्थानमा तिलक बर्मालाई टोलीमा समावेश गरिएको छ । भारत र बंगलादेशको बीचमा आइतबारदेखि ३ खेलको टी-२० सिरिज सुरु भएको हो । यसअघि भारतले टेस्ट सिरिज २-० ले जितेको थियो । टी-२० सिरिजका लागि भारतीय टोलीको कप्तानी सूर्यकुमार यादवले गरिरहेका छन् । टोलीमा अलावा टोलीमा अभिषेक शर्मा, सञ्जु सैमसन, रिंकु सिंह, हार्दिक पाण्डेय, रायन पराग, नितिश कुमार रेड्डी, वासिंगटन सुन्दर, रवि बिश्नोई, वरुण चक्रवर्ती, जितेश शर्मा, अर्शदीप सिंह, हर्षित रान, मयंक यादव र तिलक बर्मा छन् ।

# अल नासरको जित

■ एजेन्सी

दुबई । साउदी प्रो लिग फुटबलमा अल नासर विजयी भएको छ । शनिबार राति भएको खेलमा अल ओरोबाहलाई ३-० गोलले हराउँदै अल नासरले जित निकालेको हो । अल नासरको जितमा साडियो मानेले २ तथा क्रिस्टियानो रोनाल्डोले १ गोल गरेका थिए ।

जितपछि अल नासर ६ खेलबाट १४ अंकका साथ लिगको तेस्रो स्थानमा रहेको छ । पराजित भएको अल ओरोबाह ७ अंकसहित ११औं स्थानमा छ ।

सृजना इन्टरनेशनल मिडिया प्रा.लि.द्वारा प्रकाशित । कार्यालय, पानीपोखरी, काठमाडौं, फोन: ०१४५२०१९५, पो.ब.नं.: १०३७८, इमेल: info@souryadaily.com, मुद्रण: एक्सप्रेस कलर प्रेस, बुद्धनगर, निर्देशक : वसन्तनाथ पन्त, प्रधान सम्पादक: बोधराज त्रिपाठी